का.जि.प्र.का.द.नं. १००/०५२/६०
२ भदौ २०८३
मंगलबार
18 August 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०८ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

संसद्मा आइसब्रेक

प्रधानमन्त्रीलाई सभामुखले गरे रुलिङ

चार महिनासम्म सदन चलाउँदा सरकारलाई जवाफदेही बनाउन नसकेको भनेर सभामुख डोलप्रसाद अर्यालले पनि आलोचना खेपिरहेका थिए । तर, सोमबार प्रधानमन्त्री र मन्त्रीलाई रुलिङ गरेर उनले आफूमाथिको प्रश्न पन्छाएका मात्र छैनन् । संसद् चलायमान बनाउने प्रयास पनि गरेका छन् ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १ भदौ

प्रधानमन्त्री बालेन शाह सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका नेता हुन् । यही रास्वपाका संस्थापक नेता हुन्- डोलप्रसाद अर्याल (डिपी) । डिपी अर्याल सभामुखको भूमिकामा छन् । अनि सुरुदेखि रास्वपाको नेतृत्व गर्दै आएका रवि लामिछाने अहिले पनि पार्टीकै नेतृत्व गरिरहेका छन् ।

यी तीन नेताको सम्बन्धलाई लिएर पछिल्लो चार महिनामा अनेकन अड्कलबाजी भए । सभामुखले ठीक ढंगले संसद् चलाउन नसकेको आरोप खेपे । रास्वपाले पार्टीलाई ठीक ढंगले प्रशिक्षण गर्न नसकेको र संसद्को कामकारबाहीमा सांसदलाई केन्द्रित गराउन नसकेको अपजस पार्टी सभापति लामिछानेले पनि पाएका छन् । अनि संसद्मा अनुपस्थित भएकोमा प्रधानमन्त्री बालेनको आलोचना त छँदै छ ।

२१ फागुनको चुनावबाट १८२ सिटसहितको जनमत पाएपछि रास्वपाले सरकार बनायो । सभामुख, उपसभामुख, संसदीय समितिका सभापतिहरू चयन गऱ्यो । सबैतिर रास्वपाकै वर्चस्व छ । तर, सरकार र संसद्को सम्बन्ध सौहार्द हुन नसक्दा संसद्प्रति नागरिकको अरुचि बढेको टिप्पणी हुन >>> पृष्ठ २ मा

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, १ भदौ

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारका गृहमन्त्री सुधन गुरुङ फरक शैलीका कारण विवादमा परिरहन्छन् । गोरखा क्षेत्र नं. १बाट निर्वाचित उनी आइतबार साँझ आफ्नै मतदाताबाट घेरिए । स्थानीयले निर्वाचनताका गरेको वाचा सम्झाएपछि उनले भने, 'चार महिनामा चाहिँ म कायापलट गर्न सक्दिनँ । बरु भोट फिर्ता लैजानुस् ।' आफ्नै मतदातालाई 'भोट फिर्ता लैजाऊ' भनेपछि गृहमन्त्री गुरुङसँग स्थानीय नेताकार्यकर्ता रिसाए ।

> छिनमै भावुक, छिनमै आक्रामक र छिनमै माफी माग्ने शैलीले गृहमन्त्री सुधन गुरुङ चर्चा, प्रशंसा र विवादमा परिरहेका छन् ।

सहिद लखन गाउँपालिका-९ का मतदाताले स्वास्थ्य ल्याब निर्माणका लागि बजेट उपलब्ध नगराएको भन्दै असन्तुष्टि पोखे । जवाफमा गुरुङले चार महिनामा कायापलट हुन नसक्ने बताएका हुन् । 'बरु मलाई अर्कोपटक नजिताउनुस् । तर यसपटक पाँच वर्ष हेर्नुस् । पाँच वर्षमा केही काम हुनेछ,' उनले भने, 'यति साना-साना बजेट किताबमा राख्ने हो भने महाभारत र रामायण बन्छ ।' गुरुङले निर्वाचनमा भोट मागदा स्वास्थ्य ल्याब निर्माणका लागि बजेट ल्याउने वाचा पूरा गरेको, तर पूरा नभएकाले गुनासो गरिएको रास्वपाका वडासचिव खोपेन्द्र लामिछाने बताउँछन् ।

यो एउटा प्रसंग मात्र हो । गृहमन्त्री गुरुङ आफ्नो भिन्न कार्यशैली र व्यवहारका कारण चर्चा र विवादमा आइरहन्छन् । छिनमै भावुक, छिनमै आक्रामक र छिनमै माफी माग्ने उनको शैली छ । राजनीतिमा उनको उदय पनि त्यस्तै शैलीबाट भएको हो । जेनजी आन्दोलनमा स्वयंसेवी भूमिकाबाट थिए, गुरुङ । >>> पृष्ठ २ मा

फरक शैलीका गृहमन्त्री

सुधन स्टाइल
- रातारात पक्राउ र धरपकड
- आन्दोलनकारीका माग फिल्डमै सम्बोधन
- भेष बदलेर तस्करी बुझ्न सीमावर्ती गाउँमा
- होटलमा छापा मार्न पनि गृहमन्त्री
- प्रहरीको कुकुर डोऱ्याएर अनुगमनमा
- मधेस दंगामा पीडित परिवारसँग वार्ता
- संसद्मा आइजिपीको बचाउ

स्थानीय चुनावमा होमियो रास्वपा

स्थानीय चुनाव आउन ९ महिना बाँकी छ । तर, रास्वपाले उम्मेदवार क्लब खोलेर उम्मेदवार छनोटको प्रक्रिया अघि बढाइसकेको छ । अनि मन्त्रीहरूले जिल्ला भ्रमणका क्रममा भोट माग्न थालिसके ।

> गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र गाउँपालिकाअन्तर्गत वडाका अध्यक्षलगायत जति पनि राजनीतिक पद छन्, त्यसका लागि औपचारिक रूपमा आवेदन खुला गरेका छौं । उम्मेदवारी दिनेले पार्टीको क्यान्डिडेट क्लबमा आवेदन दिनसक्नुहुनेछ ।
>
> ■ **रवि लामिछाने**, सभापति, रास्वपा

मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, १ भदौ

राष्ट्रिय स्वतन्त्र पार्टीले औपचारिक रूपमै आगामी स्थानीय तहको निर्वाचनलाई केन्द्रित गरेर उम्मेदवार क्लब खोलेको छ । यो भनेको देशभरका ३५ हजार ५०१ जनाभन्दा बढी स्थानीय तहका उम्मेदवार छान्ने क्लब हो ।

सोमबार उम्मेदवार क्लबको घोषणा गर्दै रास्वपा सभापति रवि लामिछानेले भनेका छन्, 'गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र गाउँपालिकाअन्तर्गत वडाका अध्यक्षलगायत जति पनि राजनीतिक पद छन् । त्यसका लागि औपचारिक रूपमा आवेदन खुला गरेका छौं । अब उम्मेदवारी दिनेले पार्टीको क्यान्डिडेट क्लबमा आवेदन दिनसक्नुहुनेछ ।'

अर्थात्, यो स्थानीय तहका उम्मेदवारकेन्द्रित हुनेछ । पालिका तहमा उम्मेदवार हुन >>> पृष्ठ २ मा

मतदाताको विवरण अद्यावधिक गरिँदै

प्रमुख सत्तारुढ दल रास्वपा स्थानीय तहको चुनावको तयारीमा लागिरहँदा निर्वाचन आयोगले पनि यससम्बन्धी गतिविधि अगाडि बढाएको छ । यसअन्तर्गत मतदाताको विवरण अद्यावधिक गरिँदै छ ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्ति निकालेर मतदाता नामावलीलाई शुद्ध, अद्यावधिक, विश्वसनीय तथा वस्तुगत बनाउन नियमित रूपमा मतदाता नामावली अद्यावधिक गर्ने भनेका हुन् ।

'यस कार्यलाई सहयोग पुऱ्याउन कुनै मतदाताको मृत्यु भएको अवस्था भएमा निजको एकाघर परिवारका सदस्य वा अन्य कुनै व्यक्तिले मृत्युदर्ता >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

सरकार र व्यवसायीबीच सहमति, आन्दोलन स्थगित

मध्यान्ह संवाददाता
काठमाडौं, १ भदौ

युवा, श्रम तथा रोजगार मन्त्रालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीच संघले उठाएका १५ बुँदे मागका सम्बन्धमा सहमति बनेको छ । उक्त सहमतिसँगै वैदेशिक रोजगारमा कामदार पठाउने प्रक्रिया सोमबारदेखि नै निरन्तर भएको छ ।

श्रममन्त्री रामजी यादवको नेतृत्वमा सचिव डा. दीपक काफ्ले, वैदेशिक रोजगार महाशाखा प्रमुखसहितको मन्त्रालयको टोली र अध्यक्ष डिकबहादुर खत्री 'कुमार' नेतृत्वमा संघका पदाधिकारीसहितको टोलीबीच सोमबार मन्त्रालयमा भएको ३ घण्टा लामो छलफलमा संघका मागहरूलाई प्रशासनिक र नीतिगत >>> पृष्ठ २ मा

मञ्चका नवनिर्वाचित पदाधिकारी र सदस्यहरूको पदबहाली

काठमाडौं/मस- प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको शपथ तथा पदबहाली भएको छ । मञ्चको छैटौं अधिवेशनले आइतबार जनक रावलको अध्यक्षतामा कार्यसमिति निर्वाचित गरेको थियो । निर्वाचन मण्डलका अध्यक्ष तथा मञ्चका संस्थापक अध्यक्ष सरोजकुमार पोखरेलले सोमबार नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई शपथ गराएका हुन् ।

मञ्चको खुला उपाध्यक्षमा दलवीर भण्डारी र डण्डपाणि भट्टराई (दिलीप), महिला उपाध्यक्षमा सरिता घले, महासचिवमा सोमबहादुर तामाङ (सोम लामा), उपमहासचिवमा शिवहरि मैनाली (शितल), सचिवमा अर्जुन बुढामगर र जनक पौडेल (रोहन) निर्वाचित भएका छन् । कार्यसमिति सदस्यमा राजेन्द्रसिंह ठगुन्ना, ओमप्रकाश गुप्ता, सुवास सुनार, जगन्नाथ >>> पृष्ठ २ मा

मागपत्र प्रमाणीकरणमा ढिलाइ नहुने नेपाली दूतावासको प्रतिबद्धता

काठमाडौं/मस- कुवेतस्थित नेपाली दूतावासले नेपाली श्रमिकका मागपत्र प्रमाणीकरणमा कुनै ढिलाइ नगर्ने प्रतिबद्धता जनाएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघबाट कुवेतको रोजगारी मामिला हेर्ने जिम्मेवारी पाएकी कार्यसमिति सदस्य भावना गजुरेलले आइतबार कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्साल र श्रम सहचारी जनार्दन गौतमसँग कुवेतको रोजगारीमा रहेका समस्या र समाधानबारे नेपाली दूतावास कुवेतमा छलफल गरेकी थिइन् ।

छलफलपछि कुवेतबाट मध्यान्हसँग कुरा गर्दै कार्यसमिति सदस्य गजुरेलले वैदेशिक रोजगार व्यवसायीले निरन्तर उठाउँदै आएको मागपत्र प्रमाणीकरणमा ढिलाइ, श्रमिकले समयमै तलब नपाउने समस्या, बिचौलियाको चलखेलजस्ता

समस्याबारे राजदूत लम्साल र श्रम सहचारी गौतमको ध्यानाकर्षण गराएको बताइन् । जवाफमा राजदूत >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२ भदौ २०८३ मंगलबार
18 August 2026 Tuesday

शासकीय अराजकता रोकिएन भने यसले निल्छ : गगन

काठमाडौं/मस-नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले वर्तमान सरकार सञ्चालनमा देखिएको शासकीय अराजकता, विधिको शासन, आर्थिक अनुशासन, नागरिकका दैनिक समस्या तथा राजनीतिक स्थिरताका विषयमा सरकारलाई गम्भीर बन्न आग्रह गरेका छन् ।

कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकको समापनमा बोल्दै थापाले सरकारलाई असफल बनाउने उद्देश्य कांग्रेसको नभएको स्पष्ट पार्दै सरकारका कामको गुण र दोषका आधारमा प्रश्न उठाउने बताएका हुन्। थापाले केही दिनअघि आफ्नो घरअगाडि गाडी तेर्स्याउने नेपाल प्रहरीकै व्यक्ति प्रयोग भएको दाबी गर्दै त्यसलाई शासकीय अराजकताको उदाहरणका रूपमा प्रस्तुत गरे। उनका अनुसार आफ्नो घरमा आगजनी भएपछि निजी सम्पत्तिमा थप क्षति नहोस् भन्नेमा आफू र परिवार सचेत थिए। त्यसै क्रममा घर जाने बाटोअगाडि एउटा गाडी रोकिएको र उक्त गाडीबारे बुझ्न परिवारका सदस्य ट्राफिक कार्यालय पुगेको उनले बताए । 'मेरो जलाइएको घरअघि गाडी राखियो । निजी सम्पत्ति थियो, क्षति पुग्नुहुँदैन भन्नेमा सचेत थिएँ,' थापाले भने, 'मेरो परिवारका सदस्य ट्राफिक कार्यालय गएर प्रश्न सोध्नुभयो- यो गाडी कसको हो ? हामी जान्न चाहन्छौं । तर, हामीलाई बताइएन । केहीबेरपछि एकजनाले म चालक हो भन्नुभयो। चालक बनेर आउने व्यक्ति प्रहरी हुनुहुन्थ्यो ।'

गाडीको वास्तविक मालिक उपस्थित नभएको, तर चालकका रूपमा प्रहरीका व्यक्ति आएको दाबी गर्दै थापाले सरकारलाई शासकीय अनुशासनमा रहेर काम गर्न आग्रह गरे । उनले राज्यका संयन्त्रलाई व्यक्तिगत वा राजनीतिक स्वार्थअनुसार प्रयोग गर्ने प्रवृत्ति बढ्दै गए त्यसले शासन प्रणालीप्रति नै अविश्वास पैदा गर्ने चेतावनी दिए। 'यो शासकीय अराजकता हो,' थापाले भने, 'शासकीय अराजकता रोकिएन भने यसले निल्छ ।'

भारतीय सेनाध्यक्षलाई मानार्थ महारथीको दर्जा प्रदान



काठमाडौं/मस-भारतीय स्थल सेनाध्यक्ष जनरल धीरज सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरिएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार शीतल निवासमा आयोजित विशेष समारोहमा भारतीय स्थल सेनाध्यक्ष सेठलाई नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरेका हुन् । नेपाल र भारतबीच लामो समयदेखि कायम रहेको विशेष सैन्य सम्बन्धको निरन्तरताका रूपमा दुवै देशका सेना प्रमुखलाई एकअर्काको सेनाको मानार्थ महारथीको दर्जा प्रदान गर्ने परम्परा रहँदै आएको छ । सन् १९५० देखि सुरु भएको यो परम्पराअनुसार नेपाल र भारतका सेना प्रमुखलाई सम्बन्धित मुलुकका राष्ट्रप्रमुखबाट मानार्थ महारथीको दर्जा प्रदान गरिँदै आएको छ ।

शीतल निवासमा आयोजित समारोहमा राष्ट्रपति पौडेलसँगै उपराष्ट्रपति रामसहायप्रसाद यादव, परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानसेनापति महारथी अशोकराज सिग्देल तथा नेपाली सेनाका उच्च अधिकारीहरूको सहभागिता थियो। नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव पनि समारोहमा उपस्थित थिए ।

तीनदिने नेपाल भ्रमणका क्रममा भारतीय स्थल सेनाध्यक्ष सेठ आइतबार अपराह्न काठमाडौं आइपुगेका हुन् । नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलको औपचारिक निमन्त्रणामा नेपाल आएका सेठको भ्रमणका क्रममा दुई देशबीचको सैन्य सम्बन्ध, आपसी सहकार्य तथा सैनिक अनुभव आदानप्रदानका विषयमा छलफल भइरहेको छ ।

नेपाल भ्रमणमा आएका भारतीय स्थल सेनाध्यक्ष सेठले नेपाली सेनालाई सैनिक तथा स्वास्थ्य सामग्रीसमेत हस्तान्तरण गरेका छन् । जंगीअड्डामा आयोजित कार्यक्रममा उनले नेपाली सेनालाई ती सामग्री हस्तान्तरण गरेका हुन् ।

यसअघि भारतीय स्थल सेनाध्यक्ष सेठले नेपाली सेनाको मुख्यालय जंगी अड्डा परिसरमा वृक्षारोपण गरेका थिए । दुई देशका सेनाबीचको सहकार्य र मैत्रीपूर्ण सम्बन्धलाई थप मजबुत बनाउने उद्देश्यले हुने उच्चस्तरीय सैन्य भ्रमणका क्रममा वृक्षारोपण गर्ने परम्परालाई पनि निरन्तरता दिइएको हो । जंगीअड्डामा सेठले प्रधानसेनापति अशोकराज सिग्देलसँग शिष्टाचार भेटघाटसमेत गरेका थिए। भेटका क्रममा दुई देशका सेनाबीचको आपसी सम्बन्ध, सहकार्य तथा सैन्य गतिविधिका विषयमा छलफल भएको नेपाली सेनाले जनाएको छ ।त्यसअघि भारतीय स्थल सेनाध्यक्ष सेठले सैनिक मञ्च टुँडिखेलमा माल्यार्पण गरेका थिए। नेपाल आगमनपछि औपचारिक सैन्य सम्मानका विभिन्न कार्यक्रमअन्तर्गत उनलाई जंगी अड्डामा गार्ड अफ अनरसमेत प्रदान गरिएको थियो। नेपाल र भारतबीचको सैन्य सम्बन्धलाई पुरानो र विशेष सम्बन्धका रूपमा लिइन्छ। दुवै देशका सेनाबीच तालिम, संयुक्त अभ्यास, मानवीय सहायता, विपद् व्यवस्थापन तथा सैन्य सामग्री सहयोगलगायतका क्षेत्रमा सहकार्य हुँदै आएको छ ।

कार्यमा सहयोग गर्नुहुन आयोग सबैमा हार्दिक अनुरोध गर्दछ,' विज्ञप्तिमा उल्लेख छ । विद्यमान मतदाता नामावलीलाई निरन्तर अद्यावधिक गर्नु निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतासँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय भएकाले यस कार्यमा समेत सबै नागरिकबाट सदाझैं सहयोग प्राप्त हुने विश्वास आयोगले लिएको छ ।

साथै, विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार दिने विषयमा निर्वाचन आयोगले अध्ययन गरिरहेको छ । यो विषयमा साउन २७ गते आयोगले विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न अलग-अलग दुईवटा समिति नै गठन गरेको छ। कानुनी तथा सूचना प्रविधिका क्षेत्रमा गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेस गर्न आयोगका आयुक्तहरूको सयोजकत्वमा दुई अलग-अलग समिति गठन भएको हो । समितिहरूले प्रारम्भ गरेको मितिले ३० कार्य दिनभित्र प्रतिवेदन पेस गर्नेछन्। अर्थात्, निर्वाचन आयोगले आगामी निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न सकिन्छ कि सकिँदैन भनेर निर्वाचन आयोगले अध्ययन सुरु गरिसकेको छ । यस सन्दर्भमा कानुनी पक्ष निर्वाचन आयुक्त गुरुप्रसाद बाग्ले संयोजकत्वको समितिले अध्ययन गर्नेछ । सूचना प्रविधिको प्रयोगबाट निर्वाचन प्रक्रियालाई थप समयानुकूल, सुरक्षित, पारदर्शी, प्रभावकारी, समावेशी तथा विश्वसनीय बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा अध्ययन गर्न निर्वाचन आयुक्त डा.राजीव सुब्बाको संयोजकत्वमा समिति गठन गरिएको छ। यसले प्रविधिको विषय हेर्नेछ ।

त्यसपछि आयोगले आगामी स्थानीय तहको चुनावमा विदेशमा रहेका नेपालीलाई मताधिकार दिन सकिन्छ वा सकिँदैन भनेर निर्क्योल गर्नेछ । त्यसआधारमा आगामी वैशाखमा हुने स्थानीय चुनावको तयारीमा निर्वाचन आयाग जुट्नेछ ।

सरकार...

रूपमा समाधान गर्ने सहमति भएको हो ।

संघ संघर्ष समिति संयोजक प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतले वैदेशिक रोजगार विभागबाट सिर्जना भएका प्रशासनिक समस्या विभागबाट र नीतिगत समस्या वैदेशिक रोजगार ऐन र नियमावली संशोधनमार्फत समाधान गर्ने सहमति भएको बताएका छन् ।

सहमति भएपछि मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा संघले सञ्चालन गरेका सम्बन्धित सम्पूर्ण दबाबमूलक कार्यक्रमहरूसमेत सोमबारबाट अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेको उल्लेख छ ।

सोमबार मन्त्रालयका मन्त्री र सचिवको सहभागितामा संघका अध्यक्ष, सल्लाहकारसहितका पदाधिकारीको उपस्थितिमा भएको छलफलबाट संघले राखेका १५ बुँदे मागका सम्बन्धमा अधिकांश मागहरू नीतिगत सम्बोधनका विषयहरू रहेको र ती मागहरू वैदेशिक रोजगार ऐन तथा नियमावली संशोधनको प्रक्रियामा समावेश भइरहेकाले यथाशक्य छिटो सम्बोधन गरिने मन्त्रालयले जनाएको छ। विज्ञप्तिमा मन्त्रालयले वैदेशिक रोजगारीको क्षेत्रलाई पारदर्शी, सुरक्षित र मर्यादित बनाउने गरी ऐन तथा नियमावली संशोधन प्रक्रिया टुंग्याउन मन्त्रालय तथा संघले समेत अधिकतम प्रयत्न गर्ने उल्लेख छ ।

व्यवसायीमाथि विभागले गरेको कारबाहीका सन्दर्भमा मन्त्रालयले व्यवसायीहरूले थप प्रमाण तथा कागजातसहित विभागमा आफ्ना विषयवस्तुहरू राखी अनुरोध गरेमा विभागबाट आवश्यक प्रशासनिक सहजीकरण गर्ने तथा विभागबाट समाधान नभएमा मन्त्रालयमा पुनरावेदन दिन सक्ने प्रावधान रहेको हुँदा सोहीबमोजिम गर्ने गरी छलफल कार्यक्रम सम्पन्न भएको विज्ञप्तिमा उल्लेख गरेको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले मन्त्रालय र संघबीच भएको सहमतिबारे स्पष्ट हुनुपर्ने माग गरेको छ । त्यस्तै, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुसीका अध्यक्षसमेत रहेका संघका पूर्वद्वितीय उपाध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले विभागबाट कारबाहीमा परेका ६ सय ४७ म्यानपावर कम्पनीको भविष्य, सेवा शुल्क परिमार्जनजस्ता दूरगामी महत्वका विषयमा के सहमति भएको हो ? स्पष्ट गर्न संघसमक्ष माग गरेका छन् ।

मन्त्रालयसँग सहमतिपछि विज्ञप्ति जारी गर्दै संघले मन्त्रालयमा भएको वार्ता तथा छलफलमा संघले उठाएका विभागीय तथा नीतिगत समस्याहरू विस्तृत रूपमा छलफल भई व्यवसायीका सम्पूर्ण मागहरूलाई सरकारले सकारात्मक रूपमा ग्रहण गर्दै विभागीय समस्याहरू तत्काल सुधार गर्न मन्त्रालयबाट विभागलाई आवश्यक निर्देशन दिने तथा नीतिगत सुधारका लागि आवश्यक ऐन तथा नियमावली संशोधनको प्रक्रिया बढीमा २ महिनाभित्र अघि बढाई टुंगोमा पुऱ्याउने प्रतिबद्धता प्राप्त भएको जनाएको छ ।

संघले संघर्षका कार्यक्रम हाललाई स्थगित गरी काम कारोबार सुचारु गर्ने निर्णय गरिएको बताएको छ । संघले सरकारबाट प्राप्त सकारात्मक प्रतिबद्धतालाई ध्यानमा राख्दै हाल सञ्चालनमा रहेका सम्पूर्ण संघर्षका कार्यक्रमहरू हाललाई स्थगित गर्ने निर्णय गरिएको स्पष्ट गरेको छ ।

संघ आफ्नो घोषित माग तथा संघर्षबाट पछि हटेको नभई सरकारसँग भएको संवाद, वार्ता र प्रतिबद्धतालाई कार्यान्वयन गर्ने अवसर प्रदान गरिएको रूपमा बुझिदिन व्यवसायीहरूलाई संघले आग्रह गरेको छ ।

आगामी दुई महिनाको अवधिमा सरकारको प्रतिबद्धताअनुसार विभागीय सुधार, नीतिगत निर्णय तथा ऐन तथा नियमावली संशोधनमा संघले निरन्तर निगरानी, समन्वय तथा समीक्षा गर्ने बताएको छ। तोकिएको समयसीमाभित्र प्रतिबद्धताअनुसार ठोस उपलब्धि हासिल नभएमा व्यवसायीहरूको बृहत् छलफल तथा प्राप्त म्यान्डेटअनुसार आवश्यक थप संघर्षका कार्यक्रम अघि बढाउने अधिकार संघले सुरक्षित राखेको महासचिव हिराबहादुर डाँगीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

मञ्चका...

अधिकारी, सुरज धिताल, रुवि लम्साल, युवराज ढकाल, विष्णुप्रसाद आचार्य, युवराज देवकोटा, रविन घिमिरे, तिलकध्वज कट्टेल र कृष्णभक्त श्रेष्ठ पनि निर्वाचित भएका छन् । कार्यसमितिको पहिलो बैठकले अधिवेशन सफल बनाउन सहयोग गर्ने निर्वाचन मण्डल, साधारणसभा उद्घाटनका प्रमुख अतिथिसहित सबैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको महासचिव तामाङले जानकारी दिए ।

मागपत्र...

लम्साल र सहचारी गौतमले प्रमाणित कागजातसहित निवेदन दिएको १० दिनभित्र मागपत्र प्रमाणीकरण गरेको र भविष्यमा पनि प्रमाणित कागजातसहित निवेदन दिएको अवस्थामा सकेसम्म छिटो मागपत्र प्रमाणीकरण गर्ने बताएका छन् ।

नेपाली दूतावासले समस्या झेलिरहेका कुवेती कम्पनीमा नेपाली श्रमिक नपठाउन र समस्या देखिए तत्कालै कम्पनी भ्रमण गरेर समस्याको समाधान गर्न आग्रह गर्दै समस्याग्रस्त कम्पनीको मागपत्र प्रमाणीकरण नगरिने स्पष्ट पारेको पनि कार्यसमिति सदस्य गजुरेलले बताइन् ।

आफूसँगको भेटमा राजदूत लम्सालले खुलेर नेपाली व्यवसायी, श्रमिक तथा कुवेती रोजगारदाताका कमजोरी राखेर समस्याको समाधान पनि दिएकोले भविष्यमा कुवेतको मागपत्र प्रमाणीकरणमा ढिलाइ नहुने विश्वास लिएको पनि बताइन् । भेटमा गजुरेलले राजदूत लम्साललाई संघको तर्फबाट मायाको चिनो प्रदान गरेकी छन् ।

संसदमा...

थालेपछि सभामुख अर्यालले संसद् बैठक सञ्चालनमा फरक अभ्यास गर्न खोजेका छन् ।

चार महिनासम्म सदन चलाउँदा सरकारलाई जवाफदेही बनाउन नसकेको भनेर सभामुख डोलप्रसाद अर्यालले आलोचना खेपिरहेका थिए । तर, सोमबार प्रधानमन्त्री बालेन र अन्य विषयमा सम्बन्धित मन्त्रीलाई रुलिङ गरेर सभामुख अर्यालले आफूमाथिको प्रश्न पन्छाएका मात्र छैनन् । संसद् चलायमान बनाउने प्रयास पनि गरेका छन् ।

प्रतिनिधिसभा नियमावलीअनुसार प्रत्येक महिना संसद्मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम हुनुपर्ने हो। यो प्रावधान कार्यान्वयन हुन नसकिरहेका बेला सभामुख अर्यालले प्रश्नोत्तरकै लागि प्रधानमन्त्रीलाई रुलिङ गरेका हुन्। साथै, सभामुखले सोमबार नै यही भदौ १० गतेका लागि प्रधानमन्त्रीसँगको प्रश्नोत्तर कार्यक्रमको मिति तय गरेका छन्। प्रतिनिधसभा नियमावली २०८३को परिच्छेद ९मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रम छ । यसअनुसारको कार्यक्रममा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलको कम्तीमा एकजना सदस्यको एउटा प्रश्न सुनिश्चित हुनेगरी सभामुख अर्यालले व्यवस्थापन गरेका छन् । बाँकी प्रश्नको हकमा सभामा प्रतिनिधित्वको आधारमा हुने गरी मिलाइएको छ। यसअनुसार भदौ १० गते प्रधानमन्त्री बालेनले १५ वटा प्रश्नको सामना गर्नेछन् ।

प्रश्नकर्ता सांसदले यही शुक्रबार दिउँसो १ बजेभित्र प्रतिनिधिसभाका सचिवसमक्ष आफ्नो प्रश्न लिखित रूपमा दिनुपर्ने हुन्छ । प्रतिनिधिसभा नियमावलीको नियम ५६मा यो कार्यक्रमको व्यवस्थापनसम्बन्धी व्यवस्था छ। उपनियम १मा भनिएको छ, 'तर उक्त दिन कुनै कारणवश बैठक बस्न नसकेमा त्यसपछि लगत्तै बस्ने बैठकको पहिलो एक घण्टाको समय निर्धारण गर्नेछ ।'

तर, यस्तो प्रावधान कार्यान्वयन नभएको भनेर प्रश्न उठिरहेका बेला सभामुखले यसको मिति तोकेका हुन् । नियमावलीको दफा ५७मा प्रत्यक्ष प्रसारण गर्न सकिने विषय छ। जसअनुसार प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी कार्यक्रमलाई सरकारी तथा अन्य सञ्चारमाध्यमबाट प्रत्यक्ष प्रसारण गर्न सकिने व्यवस्था छ ।

दफा ५८ अनुसार प्रधानमन्त्रीलाई प्रश्न गर्न इच्छुक सदस्यले आफ्नो प्रश्नको विषयको लिखित जानकारी बैठक प्रारम्भ हुनुभन्दा तीन दिनअगावै सभामुखलाई गराउनुपर्नेछ ।

दफा ५९मा यस्ता प्रश्नमा सर्त लागू हुने व्यवस्था छ । जसअनुसार प्राप्त प्रश्न स्वीकारयोग्य छ वा छैन भन्ने कुराको निर्णय सभामुखले गर्नेछन् । प्रत्यक्ष प्रश्नोत्तरसम्बन्धी अन्य कार्यविधि सभामुखबाट निर्धारण भएबमोजिम हुनेछ । दफा ६० अनुसार यस परिच्छेदअन्तर्गत दिइएको जवाफको सम्बन्धमा सभामा कुनै छलफल गरिने छैन ।

फरक...

तर, आन्दोलन हिंसात्मक भई उथलपुथल हुँदासम्म उनले नेतृत्व लिइसकेका थिए । रवि लामिछाने र वालेन्द्र शाहलाई एकठाउँ ल्याउन उनको भूमिका छ । फलस्वरूप ६ महिनामै चुनाव जितेर गुरुङ गृहमन्त्री बने ।

करिब दुईतिहाइ बहुमतप्राप्त शक्तिशाली सरकारको गृहमन्त्रीमा सुधनको नाम सुन्दा धेरैले आश्चर्य मानेका थिए । त्यसको पहिलो कारण थियो, उनी गृहमन्त्रीको बन्ने चर्चाका पात्रभित्रै पर्दैनथे । त्यसमाथि उनको पृष्ठभूमि विवादरहित थिएन । 'यो संविधान नै राखौं कि फालौं आफैं कन्फ्युजमा छु' भन्नेदेखि 'म कसैलाई पनि छोड्दिनँ' भन्दै भक्कानिने र धम्क्याउने उनको शैली गृहमन्त्रीको योग्यताभन्दा बाहिरको चरित्र थियो ।

२०८२ चैत १३ गते जब उनी गृहमन्त्री बने । त्यसपश्चात् सुरक्षा सुधार, सुशासन र प्रशासनिक जवाफदेहिताबारे अभियान नै चलाउने योजना बनाए । पदभार ग्रहणसँगै उनले प्रहरी प्रशासनलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने, अनुसन्धानलाई निष्पक्ष बनाउने तथा संगठित अपराध, तस्करी र भ्रष्टाचारविरुद्ध कडा नीति लिने बताएका थिए। आन्तरिक सुरक्षा सुदृढीकरणका लागि प्रहरी-प्रशासनको समन्वय बढाउनुका साथै सीमाक्षेत्रमा आकस्मिक अनुगमन, डिजिटल निगरानी प्रणाली, अपराधसम्बन्धी अभिलेख एकीकरण गर्ने र आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्ने गुरुङको योजना थियो। यसैबीच, नारायणहिटी दरबार हत्याकाण्डको पुनः अनुसन्धान प्रक्रिया अघि बढाउने उनको निर्णयले राष्ट्रिय राजनीतिमा नयाँ बहस पैदा गऱ्यो ।

आन्दोलनका क्रममा गोली चलेर ज्यान गए गृहमन्त्री र प्रधानमन्त्री जिम्मेवार हुने तर्क गर्दै सरकारमा पुगेको २४ घण्टाभित्रै पूर्वप्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेर उनी चर्चित भए। ओली र लेखक अदालतको आदेशमा रिहाइ भए । साउन दोस्रो साता सुनसरीमा भएको धार्मिक विवादमा प्रहरीको गोलीबाट तीनजनाको ज्यान गयो । हिंसा फैलिएर सर्लाहीमा अर्को एक बालक मारिए। त्यसपछि उनले भन्न थालेका छन्, 'आन्दोलनको समयमा गोली कुन अवस्थामा र कसले चलाउँछ भन्ने गृहमन्त्रीलाई थाहै नहुने रहेछ ।'

उनको यो कार्यशैली अपरिपक्व देखिएको सुरक्षा तथा अनुसन्धानका विज्ञहरू बताउँछन् । नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल भन्छन्, 'गृहमन्त्री आफैंले पक्राउ पुर्जी सार्वजनिक गर्ने, स्टाटस लेखेर सार्वजनिक गर्नेजस्ता काम गल्ती थिए।' यस्तो अपरिपक्व शैलीले गन्तव्यमा पुग्न कठिन हुने उनको भनाइ छ। 'यो प्रवृत्तिले गम्भीर खालका अनुसन्धानको निष्पक्षतामाथि समेत प्रश्न उठ्न सक्छ,' उनले भने, 'प्रहरीमाथि राजनीतिक नेतृत्व हाबी भएको हो कि जस्तो पनि देखिन्छ ।' गृह मन्त्रालयले प्रहरीलाई दबाबमा राखेर स्वतन्त्र अनुसन्धान नहुने मल्लको दाबी छ ।

गृहमन्त्री भएलगत्तै आफैंले ड्राइभिङ गरेर नेपाल प्रहरीका उपत्यकाका कार्यालयदेखि हेडक्वाटरसम्म र सशस्त्र प्रहरी प्रधान कार्यालयदेखि तालिम केन्द्रसमेत पुगेर गुरुङले भ्रष्टाचार र अनियमिततामा संलग्न जोसुकैलाई कडा कारबाही गरिने बताए । उनले प्रहरी अधिकृतहरूलाई भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिन निर्देशन दिँदै हिँडे । व्यस्तता झल्किने गरी गुरुङले चैत्र १९ गते राति सिंहदरबारस्थित मन्त्रालयकै सोफामा सुतेको फोटो सार्वजनिक गरे। पदभार ग्रहणको एक सातापछि २० चैतको बिहानै गृहमन्त्रीले आफ्नै सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गरेर भने, 'निर्माताभन्दा ठुलो निर्माण हुँदैन, जनताभन्दा माथि सरकार हुँदैन ।' उनी अघिल्लो रात जेनजी घाइतेहरूलाई अस्पतालमा पुगेर भेटेर फर्किएका थिए ।

गृहमन्त्री गुरुङमाथि सेयर लगानी र आम्दानीको स्रोत नखुलेको सम्पति आर्जन गरेको आरोपसमेत लाग्यो । आरोपपछि उनले गृहमन्त्री छाड्नुपरेको थियो। गुरुङमाथिको छानबिन प्रतिवेदन सार्वजनिक नगरी पुनः गृहकै नेतृत्वमा फर्काएको आरोप अहिले पनि बाँकी नै छ ।

गत साउन २१मा गृहमन्त्री सुधनले राष्ट्रिय सभा बैठकमा सांसदहरूसँग माफी नै माग्नुपरेको थियो । नेकपाका सांसद विष्णुबहादुर विश्वकर्माले 'कञ्चनपुरकी निर्मला पन्त हत्या प्रकरणमा लामो समय बितिसक्दा पनि सरकारले दोषी पत्ता लगाई न्याय दिन नसक्नुको कारण के हो ? सरकारले कहिलेसम्म न्याय दिलाउँछ ?' भनेर प्रश्न सोधेका थिए। जवाफमा गृहमन्त्री गुरुङले तपाईंहरू सत्तामा हुँदा किन नगर्नुभएको ? भन्दै ठाडो प्रतिप्रश्न गरेका थिए। उनले आइन्दा यस्तो प्रश्न नगर्नसमेत सांसदहरूलाई चेतावनी दिएका थिए ।

उनको शैलीप्रति आचोलना भएपछि मन्त्री गुरुङले तत्कालै संसदबाटै माफी मागे। सांसदले सोधेका प्रश्नको जवाफ ठाडो भाषामा हुन गएको स्वीकार गर्दै रोस्ट्रमबाटै माफी मागेका हुन्। 'हजुरहरूबाट हामीले धेरै सिक्न बाँकी छ। सिक्दै जान्छौं। मेरो तर्फबाट अलिकति ठाडो जवाफ भयो जस्तो लाग्यो । यसका लागि क्षमाप्रार्थी पनि छु । हजुरहरूसँग माफी पनि माग्न चाहन्छु,' उनले भनेका थिए ।

गृह प्रशासनसँग जोडिने सबै घटनामा गुरुङ आफैं फिल्डमा पुग्ने गरेका छन् । विराटनगर र सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण गर्न भन्दै भेष बदलेर गाउँलेसँग संवाद गरे । गृह प्रशासनसँग सम्बन्धित अनुगमनमा आफैं खटिए । गृहमन्त्री आफैं कुकुर डोऱ्याएर फिल्डमा कुदेको दृश्य रोचक देखियो। कतिसम्म भने प्रहरीले होटलहरूमा छापा मार्दासमेत उनको उपस्थिति रह्यो । रास्वपाका सांसद खगेन्द्र सुनारले प्रहरीको पोसाकलगायत सामग्री खरिदमा प्रहरीका आइजिपीलगायतले अनियमितता गरेको भन्दै प्रश्न उठाएका थिए। सो विषयमा गृहमन्त्री गुरुङले आरोप पुष्टि नभई कसैको चरित्र हत्या गर्न नहुने भन्दै आइजिपीको बचाउ गरेका थिए।

यो बीचमा उनले माइतीघर पुगेर पीडितका कुरा सुने । न्याय माग्दै काठमाडौंतर्फ मार्च गरिरहेका मिटरब्याजपीडितसँग बीच बाटोमै बारा पुगेर भेटे । सहमतिका लागि प्रतिनिधिलाई जहाज चढाएर काठमाडौं ल्याए । जेनजी आन्दोलनका घाइते तथा सहिद परिवारका प्रतिनिधिलाई मन्त्रालयमै बोलाएर माग पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । त्यस्तै, सुनसरीको देवानगन्जमा साउन १० मा धार्मिक तनाव शान्त पार्न उनको सक्रियता रह्यो । दंगा नियन्त्रणका क्रममा प्रहरीको गोली लागेर ज्यान गएका ओमप्रकाश मेहतासहित विभिन्न स्थानमा ज्यान गुमाएका ४ जनाको परिवारसँग भेटेरै सहमति गरे ।

सोही घटनालाई जोडेर गृहमन्त्री गुरुङले कोशी र मधेश प्रदेशका सुरक्षा अधिकारीलाई तत्काल हेरफेर गरेको विषयमा भने आलोचना भएको छ । गुरुङले मन्त्रालयको नेतृत्व सम्हालेयता सीमा सुरक्षामा निगरानी बढाउने, प्रशासनिक अनुगमनलाई तीव्र बनाउनुका साथै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा अघि बढेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए । यद्यपि प्रहरी सुधार, सरुवा-बढुवा प्रणाली तथा संस्थागत संरचनागत परिवर्तनमा तात्विक भिन्नता आउन सकेका छैनन्। उनको शैलीको चर्चा, प्रशंसा र आलोचना भइरहेको छ ।

स्थानीय...

इच्छुकले उम्मेदवार क्लबमा नाम दर्ता गर्नेछन् । वडा अध्यक्ष, पालिका प्रमुख कार्यकारी पद हुन् ।

२०८० साल मंसिर ११ देखि १३ गतेसम्म महोत्तरीमा भएको केन्द्रीय र संसदीय दलको बैठकमा पार्टी सभापति रवि लामिछानेले नै उम्मेदवार क्लबको अवधारणा अघि सारेका थिए। त्यसपछाडिका पार्टीका डकुमेन्टहरूमा रास्वपाले त्यसलाई राख्दै आएको थियो । अब कार्यान्वयनको चरणमा पुगेको छ ।

नेताहरूका अनुसार स्थानीय तहको निर्वाचनमा वडा अध्यक्ष, पालिका प्रमुख तथा उपप्रमुखको उम्मेदवार हुन चाहनेहरू क्लबमा दर्ता हुनेछन्। क्लबमा दर्ता भएकालाई पार्टीले प्रशिक्षित गर्नेछ । उम्मेदवार हुन चाहेका व्यक्तिलाई जिम्मेवारीमा पुगेपछि गर्नुपर्ने कामबारे प्रशिक्षण दिइनेछ । क्लब उम्मेदवार हुन इच्छुकलाई पूर्वतयारी गर्ने विधि हो । उम्मेदवार क्लबमा दर्ता हुनेले निर्वाचित भएको अवस्थामा आफूले गर्ने कार्य पार्टीसमक्ष प्रस्तुत गर्नुपर्दछ।

स्थानीय चुनाव आउन ९ महिना बाँकी छ । रास्वपाका मन्त्रीहरूले जिल्ला भ्रमणका क्रममा भोट माग्न थालिसकेका छन्। स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता जिल्ला भ्रमणमा छिन्। ३० साउनमा सिरहामा स्थानीयसँगको भेटघाटका क्रममा उनले संघ सरकारको स्पिरिटअनुसार काम गर्न स्थानीय तह र प्रदेशमा पनि रास्वपाको सरकार चाहिने बताइन् ।

'तपाईं युवाहरू सबै मिलेर जसरी संघमा जिताउनुभयो, त्यसैगरी हजुरहरूले अझ एकचोटि मिहिनेत गर्नुपऱ्यो,' उनले भनिन्, 'लोकल र प्रदेशमा पनि हाम्रै सरकार चाहियो ।'

स्थानीय र प्रदेश सरकारसँग समन्वय गर्न नै गाह्रो भएको भनेर नौ महिनाअगाडि नै मन्त्रीहरूले पार्टीका पक्षमा प्रचार गर्न थालेका हुन् । 'कोअर्डिनेसन कसरी गर्ने ? (स्थानीय तह र प्रदेश सरकारले) सुन्छन् अहिले ? मान्छन् अहिले हामीले भनेको ?' मन्त्री मेहता भन्छिन्, 'कति छ समय अब (चुनाव आउन) ? ६ महिना, ९ महिना जति त छ नि !'

२०७९ साल वैशाखमा भएको निर्वाचनबाट आएका स्थानीय तहका जनप्रतिनिधिसभाको पदावधि आउँदो वैशाखमा सकिँदै छ। चुनाव आउन नौ महिना बाँकी छँदै रास्वपाले स्थानीय चुनावकेन्द्रित भएर उम्मेदवार क्लब स्थापना गरेर यससम्बन्धी गतिविधि अघि बढाएको हो ।

गोरखा जिल्ला भ्रमणमा रहेका गृहमन्त्री सुधन गुरुङले पनि स्थानीयसँग आगामी चुनावका लागि भोट मागेका छन्। 'अब स्थानीय चुनाव सुरु भइसकेको छ,' उनले स्थानीयसँग भनेका छन् ।

अन्य दलका नेता तथा उम्मेदवार आए विगतमा भोट दिएको भनेर सम्झाउन आग्रह गर्दै उनले रास्वपाले एकपटक मात्रै संघीय चुनाव जितेको बताए । अब स्थानीय चुनावमा पनि रास्वपालाई जिताउन आग्रह गरे ।

'हामीलाई पहिलोचोटि जिताएको हो । हामीलाई पहिलोचोटि जिताउँदा आफ्नो वाचा पूरा गरेका छौं, है । तपाईंहरूको घरदैलोमा फर्केर आएका छौं,' उनले भनेका छन्, 'गाउँघरका समस्या सुन्न आएका छौं । आफ्ना भोटर, आफ्नो मतदातासँग भेट्न आएका छौं। सानो कुरा होला, तर यो पनि इतिहासै भइदियो ।'

मतदाताको...

प्रमाणपत्रसहित सम्बन्धित निर्वाचन कार्यालयमा यथाशीघ्र सूचना दिई मतदाता नामावलीलाई अद्यावधिक गर्ने

साउदीमा रोजगार कम्पनी : AL MAJID FOR AOOD.CO शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०५/०१ चलानी नं.: ६०२५९७७४ L.T. No.:346523

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		SR	ने. रू.							
1.	Office And Facilities Cleaning Worker	11	0	स. काममा दक्ष	1000	४०,५९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ९ गते (25 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Professional Manpower Services Pvt. Ltd. श्रम इजाजत नं. ४३१/०६०/०६१
Basundhara-03, Kathmandu, Nepal | Contact No.: 01- 4987247, 01-4988247, 9842749745 (Gehendra Bahadur Khadka) | Email: info@pms.com.np

काठमाडौं उपत्यका विकास प्राधिकरण
अनामनगर, काठमाडौं

पन्ध्र दिने दावी विरोध सम्बन्धी सूचना

चोभार ल्याण्ड डेभलपिङ एण्ड हाउजिङ्ग प्रा.लि. ले कृषि बजार विकास कम्पनी प्रा.लि., फलफूल बजार सब्सिडियरी कम्पनी प्रा.लि. र तरकारी बजार सब्सिडियरी कम्पनी प्रा.लि. समेतको नाममा दर्ता रहेको साविक पाङ्गा बालकुमारी, चोभार भूतखेल हाल कीर्तिपुर नगरपालिका वडा न. ५ र ६ कीर्तिपुरमा तपशिल कित्ता भित्र कि.नं. बालकुमारी ७.ख १३७, १३८, १४१, १४३, १४४, १४५, १४६, २२३, ४६३, ४६४, ६६४, ६६६ चोभार भूतखेल ३ क ३१, १८२, २३३, २३६, २३९, २४०, २४३, २४८, २४९, २५१, २५२, २६१, ३८७, ४७९, ४८०, ४८१, ४८२, ४८३, ४८४, ४८५, ४८६, ४८७, ४८८, ४८९, ५११, ५१२, ५१३, ५१४, ५१५, ५१६, ५१७, ५६९, ५७१, ६३९, ६४०, ६४१, ६४२, ६४३, ६४४, ६४५, ६४६, ६४७, ६४८, ६६६, ६६७, ६७१, ६७२, ६७३, ६७४, ६९५, ६९६, ७०५, ७०६, ७०८, ७३०, ७३४, ७३५, ७३६, ७४८, ७४९, ७५०, ७५१, ७८७, ७८८, ७८९, ७९०, ८०५, ८०९ योजनाबद्ध आवासीय घडेरी विकास गर्न (जग्गा विकास कार्यक्रम) सन्चालन गर्न योजना अनुमती माग गरेकोले तपसिल बमोजिमको चारकिल्ला भित्रमा जग्गा धनी, साँध सँधियार, मोहिले कुनै किसिमको मञ्जूरीनामा सनाखत, हकदावी, दावीविरोध सिमांकन सम्बन्धमा समस्या भएमा यो सुचना प्रकाशित भएको मितिबाट १५ दिन भित्रमा माथी उल्लेखित कित्ताहरुमा दावी विरोध पुग्ने भए सबुद प्रमाण सहित आउनुहुन सम्बन्धीत सबैका लागि यसै सूचनाबाट जानकारी गराईन्छ ।

प्रस्तावित जग्गा विकास योजनाको चार किल्लामा पर्ने कित्ताहरु :

पूर्वतर्फः ६१५, ६१६, ४५८, ३२, ३० र गोरेटो बाटो
उत्तरतर्फ : ५९२, ४३८, ४३६, ६६२, ६६३ (६६६ कित्ता नं. कच्ची मोटर बाटो) ६६५, १८४, ४७३, ४७४, १७९, ६१५, ७४८, १०५, २२२, (२२४ गोरेटो बाटो) ८५२, (८४१ कच्ची मोटर बाटो), ८०७, ७३१, ७२९, ८५१, ८४८
पश्चिमतर्फ : ३७५, ३७६, ३७७, ६०४, ५७७, ५७८, १५५, ८१०, ५०२, ५०१, ५०४, ५०६, ५०५, ५६७, ५६४, तथा बाटो)
दक्षीणतर्फ : बाटो ७४१, ७४०, ६५१, २६७, ६२८, ७१६, २१८, ४९५, ४९६, ४९७, ४९८, ६१९, ६२३, ३९३, ३९२, २३१, ५२२, ५२१, ५२०, ५१९, ५१८, १८४, १८३, ६४९, ६५०, ५९९ तथा बाटो

सम्पर्क कार्यालयः
काठमाडौं उपत्यका विकास प्राधिकरण
अनामनगर, काठमाडौं
फोन नं. ०१४७७०६६१
ईमेलः info@kvda.gov.np

राष्ट्रिय दैनिकहरूद्वारा विज्ञापन बजार व्यवस्थित गर्न सामूहिक प्रतिबद्धता

काठमाडौं /मस–नेपालको छापा माध्यममा देखिएको आर्थिक संकट, विज्ञापन बजारको अस्वस्थ प्रतिस्पर्धा, अनियमित मूल्य निर्धारण तथा भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न राष्ट्रिय दैनिक पत्रिकाहरूले सामूहिक प्रतिबद्धता घोषणा गरेका छन् ।

काठमाडौंमा सोमबार सम्पन्न राष्ट्रिय दैनिकहरूको साझा भेलाले विज्ञापन बजारमा स्वस्थ प्रतिस्पर्धा, पारदर्शी कारोबार र सञ्चार उद्योगको दिगो विकासलाई प्राथमिकता दिँदै सामूहिक प्रतिबद्धता तथा घोषणा-पत्र जारी गरेको हो ।

घोषणा-पत्रमा डिजिटल माध्यमको तीव्र विस्तार, विज्ञापन बजारमा आएको संकुचन, अस्वस्थ मूल्य प्रतिस्पर्धा तथा भुक्तानीमा देखिएको अनियमितताका कारण समग्र छापा माध्यम गम्भीर आर्थिक चुनौतीमा परेको उल्लेख गरिएको छ । यस्तो अवस्थामा राष्ट्रिय दैनिकहरूबीच आपसी सहकार्य, समन्वय र व्यावसायिक मर्यादा कायम गर्न आवश्यक रहेको भेलाको निष्कर्ष छ ।

राष्ट्रिय दैनिकहरूले विज्ञापन दरमा अनावश्यक प्रतिस्पर्धा नगर्ने र वास्तविक लागत तथा बजार मूल्यभन्दा अस्वाभाविक रूपमा कम दरमा विज्ञापन स्वीकार नगर्ने प्रतिबद्धता जनाएका छन् । विज्ञापनको आकार, स्थान, प्रकृति, प्रकाशन दिन तथा अन्य व्यावसायिक सुविधाका आधारमा पारदर्शी र स्पष्ट दर निर्धारण गर्ने उनीहरूको भनाइ छ ।

त्यस्तै, विज्ञापन बजारमा न्यूनतम व्यावसायिक मापदण्ड कायम गर्न साझा आधारभूत विज्ञापन दर निर्धारण तथा कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माण गर्ने घोषणा गरिएको छ । विज्ञापनदाता आकर्षित गर्ने नाममा अत्यधिक तथा अपारदर्शी छुट, कमिसन वा अन्य सुविधामार्फत अस्वस्थ प्रतिस्पर्धा नगर्ने पनि प्रतिबद्धता गरिएको छ ।

भेलाले विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच हुने कारोबारलाई पारदर्शी बनाउन स्पष्ट बिल, वास्तविक विज्ञापन मूल्य र प्रकाशनसम्बन्धी प्रमाणलाई प्राथमिकता दिने निर्णय गरेको छ । तेस्रो पक्षको नाममा हुने अपारदर्शी बिलिङ तथा भुक्तानी प्रणालीलाई निरुत्साहित गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने घोषणा पनि गरिएको छ ।

विज्ञापन भुक्तानीमा सम्भव भएसम्म विज्ञापनदाता र सञ्चारमाध्यमबीच प्रत्यक्ष तथा पारदर्शी प्रणाली विकास गर्न पहल गरिने भएको छ । विज्ञापन एजेन्सीको वैधानिक तथा व्यावसायिक भूमिकालाई सम्मान गर्दै सञ्चारमाध्यमले प्राप्त गर्नुपर्ने रकम अनावश्यक रूपमा लामो समय रोक्ने वा अन्य प्रयोजनमा प्रयोग हुने अवस्थाको अन्त्यका लागि सम्बन्धित पक्षसँग संवाद गर्ने प्रतिबद्धता जनाइएको छ । यसैगरी, सरकारी तथा सार्वजनिक निकायबाट वितरण हुने विज्ञापनमा स्पष्ट, पारदर्शी र वस्तुनिष्ठ मापदण्ड लागू गर्न सरकारसँग आग्रह गरिएको छ । पत्रिकाको पहुँच, नियमितता, प्रसार, पाठक प्रभाव, विषयगत आवश्यकता तथा विज्ञापनको प्रकृतिलाई आधार बनाएर वैज्ञानिक विज्ञापन वितरण प्रणाली विकास गर्नुपर्ने माग भेलाले गरेको छ ।

कुनै पनि सञ्चारमाध्यमलाई राजनीतिक वा अन्य आधारमा विभेद गर्ने तथा विज्ञापन रोक्ने प्रवृत्तिको अन्त्य हुनुपर्नेमा पनि राष्ट्रिय दैनिकहरूले जोड दिएका छन् । छापा माध्यमको आर्थिक संकटका कारण पत्रकार, कर्मचारी तथा यस क्षेत्रमा निर्भर परिवारहरूमा परेको प्रभावलाई ध्यानमा राख्दै श्रमजीवी पत्रकार तथा कर्मचारीको रोजगारी, पारिश्रमिक र पेशागत सुरक्षालाई मिडियाको आर्थिक स्थायित्वसँग जोडेर हेर्ने निर्णय गरिएको छ । यसका लागि दीगो समाधान खोज्न संयुक्त पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ ।

राष्ट्रिय दैनिकहरूले विज्ञापन नीति, कर नीति, कागज तथा मुद्रणसम्बन्धी लागत, सार्वजनिक विज्ञापन वितरण तथा सञ्चार उद्योगसम्बन्धी अन्य नीतिमा आवश्यक सुधार गर्न सरकारसँग आग्रह गरेका छन् । सञ्चार उद्योगलाई सहायता वा विशेष सुविधामा मात्र निर्भर नभई स्वस्थ र प्रतिस्पर्धी उद्योगका रूपमा सञ्चालन गर्न सक्ने नीतिगत वातावरण निर्माण गर्न सरकारसँग माग गरिएको छ ।

भेलाले विज्ञापन बजार, दर निर्धारण, व्यावसायिक आचारसंहिता, सरकारी विज्ञापन, विज्ञापन एजेन्सीसँगको सम्बन्ध तथा सञ्चार उद्योगका साझा समस्यामा निरन्तर संवाद र समन्वय गर्न साझा संयन्त्र/कार्यदल निर्माण गर्ने निर्णय पनि गरेको छ । उक्त संयन्त्रले आवश्यक अध्ययन गरी विज्ञापन दर, बजार व्यवस्थापन तथा अन्य विषयमा समयानुकूल सुझाव र कार्ययोजना प्रस्तुत गर्नेछ । राष्ट्रिय दैनिकहरूले एकअर्काको व्यावसायिक अधिकार, प्रतिष्ठा र अस्तित्वको सम्मान गर्दै स्वस्थ प्रतिस्पर्धालाई अघि बढाउने प्रतिबद्धता जनाएका छन् ।

भेलाले 'स्वस्थ विज्ञापन बजार, सबल राष्ट्रिय दैनिक र दिगो पत्रकारिता'लाई साझा लक्ष्यका रूपमा अघि सारेको छ । घोषणा-पत्रमा बजार कब्जा गर्ने उद्देश्यले नभई बजारलाई स्वस्थ बनाउन प्रतिस्पर्धा गर्ने, एकअर्कालाई कमजोर बनाउने नभई समग्र छापा माध्यमलाई बलियो बनाउन सहकार्य गर्ने र अस्वस्थ छुट तथा मूल्य प्रतिस्पर्धाको सट्टा गुणस्तरीय पत्रकारिता तथा विश्वसनीयताका आधारमा पाठक र विज्ञापनदाता आकर्षित गर्ने उल्लेख छ ।

राष्ट्रिय दैनिकहरूको साझा भेलाले जारी गरेको घोषणा कुनै एक सञ्चारगृहको हितमा सीमित नभई समग्र राष्ट्रिय छापा माध्यम, पत्रकारिता क्षेत्र, श्रमजीवी पत्रकार तथा विज्ञापन बजारको दीर्घकालीन हितका लागि गरिएको साझा प्रतिबद्धता भएको जनाएको छ ।

छुटे पत्रकार किशोर श्रेष्ठ

काठमाडौं /मस–जनआस्था साप्ताहिकका प्रधान सम्पादक किशोर श्रेष्ठ रिहा भएका छन् । सर्वोच्च अदालतले सोमबार बन्दीप्रत्यक्षीकरणको रिटमाथि सुनुवाइ गर्दै श्रेष्ठलाई थुनामुक्त गर्न आदेश दिएपछि जिल्ला प्रहरी परिसर काठमाडौंले उनलाई जिम्मा जमानीमा छाडेको हो । सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले श्रेष्ठलाई थुनामा राखेर अनुसन्धान गर्नुपर्ने अवस्था नदेखिएको भन्दै हाजिर जमानीमा छाडी वा तारिखमा राखेर अनुसन्धान गर्न आदेश दिएको थियो ।

अदालतको आदेशमा जनआस्थाले सार्वजनिक गरेको भनिएको जाहेरवालाको तस्बिर स्वयं जाहेरवालाले सामाजिक सञ्जाल फेसबुकमा पोस्ट गरेको देखिएको उल्लेख छ । उक्त तथ्यलाई विपक्षीले खण्डन गर्न नसकेको पनि सर्वोच्चले जनाएको छ ।

श्रेष्ठ जनआस्था पत्रिकाको सम्पादक भए पनि विवादित तस्बिर प्रकाशन भएको जनआस्था अनलाइनको सम्पादकीय भूमिकामा रहेको नदेखिएको अदालतको आदेशमा उल्लेख छ । त्यसैले उनलाई थुनामै राखेर अनुसन्धान गर्नुपर्ने अवस्था नरहेको सर्वोच्चको निष्कर्ष छ ।

सर्वोच्चले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम श्रेष्ठलाई हाजिर जमानीमा छाडी वा तारिखमा राखेर मुद्दाको अनुसन्धान गर्न जिल्ला प्रहरी परिसर काठमाडौंका नाममा परमादेश जारी गरेको हो ।

वैयक्तिक गोपनीयता हननको अभियोगमा श्रेष्ठलाई बुधबार पक्राउ गरिएको थियो । उनलाई गैरकानुनी रूपमा थुनामा राखिएको दाबी गर्दै उनकी पत्नी सरस्वती श्रेष्ठले बिहीबार सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन् । यसअघि जिल्ला अदालत काठमाडौंले सोमबार नै श्रेष्ठलाई दोस्रोपटक चार दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको थियो । तर सर्वोच्चको आदेशपछि प्रहरीले उनलाई रिहा गरेको हो ।

सर्वोच्चले श्रेष्ठको घर तथा कार्यालयबाट बरामद गरी नियन्त्रणमा लिइएका सामग्रीसमेत फिर्ता गर्न आदेश दिएको छ। संविधानको धारा १९ को उपधारा (२) र (३) ले सञ्चार माध्यमका सञ्चार सामग्री जफत नगरिने तथा सञ्चार माध्यम अवरुद्ध नगरिने लगायतका सञ्चार हक सुनिश्चित गरेको भन्दै अदालतले बरामद सामग्री फिर्ता गर्न भनेको हो ।

VACANCY ANNOUNCEMENT

We are currently looking for qualified and motivated candidates for the following positions at our manpower agency:

- Receptionist : 1 (Female)
- Public Relation Officer (PRO) : 2 (Female)

Salary Negotiable

- Education: +2 Passed.
- Experienced in Related Fields.

Send Your CV at Spmoverseas@gmail.com

S.P.M. OVERSEAS PVT.LTD. Gov. Lic No. 817/066/067
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal,
Tel : 01-4587837,4589795, Web.: www.spmoverseas.com

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, राजविराज शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०५/०२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८३ साल असार महिना ९ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगरमा प्रा.फा.र.नं. ५७००/०५१ कायम भई मिति २०५१/०२/१९ मा दर्ता भएको सप्तरी जिल्ला, हनुमाननगर गा.वि.स. वडा नं. ३ स्थित **रूपा ट्रेडर्स** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
लखि चन्द दासको नाती, देव नारायण दासको छोरा, सप्तरी जिल्ला, हनुमाननगर गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **राम कुमार दास** ।
कुलदीप दासको छोरी, राम कुमार दासको श्रीमती, सप्तरी जिल्ला, हनुमाननगर गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **रूपा देवी दास** ।
देव नारायण दासको नाती, राम कुमार दासको छोरा, सप्तरी जिल्ला, हनुमाननगर गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **संजीब कुमार दास** ।
देव नारायण दासको नाती, राम कुमार दासको छोरा, सप्तरी जिल्ला, हनुमाननगर गा.वि.स. वडा नं. १ बस्ने **संजन कुमार दास** ।
देव नारायण दासको नाती, राम कुमार दासको छोरा, सप्तरी जिल्ला, हनुमाननगर गा.वि.स. वडा नं. १ बस्ने **नविन कुमार दास** ।
धितो सुरक्षणको विवरण :
१. संजिब कुमार दासको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला, बभनगामा गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९/क) को कित्ता नं. ८३६ को ०-३-०–० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. संजिब कुमार दासको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला, ईनर्वा गा.वि.स./न.पा. वडा नं. ३ (नक्सा सिट नं. ३) को कित्ता नं. ९२, ३३५ र ३३९ को क्रमशः ०-३-१७–०, ०-५-४.५–० र ०-४-०–० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
३. संजिब कुमार दासको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला, ईनर्वा गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४) को कित्ता नं. १०१ को ०-७-५–० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा राजविराज शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै ब्याज रकम प्रदान गरिने छैन)
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल भाद्र महिना २२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८३ साल भाद्र महिना २४ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको २:३० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

युएईमा रोजगार

कम्पनी : NESTO MANAGEMENT OFFICE L.L.C SOLE PROPRIETORSHIP SHJ BR — शहर: SHARJAH
पूर्व स्वीकृत मिति: २०८३/०४/२२ — चलानी नं.: ६०२५९५१० — L.T. No.: 346363

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा / बस्ने सुविधा	करार अवधि
1.	Sales Persons	150	50	स. काममा दक्ष	1200	४९,७८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष

कम्पनी : NESTO MANAGEMENT OFFICE L.L.C SOLE PROPRIETORSHIP SHJ BR — शहर: SHARJAH
पूर्व स्वीकृत मिति: २०८३/०३/२३ — चलानी नं.: ६०२५९७७२ — L.T. No.: 344393 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा / बस्ने सुविधा	करार अवधि
1.	shop assistant sales dept.	100	100	स. काममा दक्ष	1200	४९,७८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ९ गते (25 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २१०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.) गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, नवराज रिजाल: ९७१३२२८७९१, ९७१२०७४०७८

ABSOLUTELY ZERO COST RECRUITMENT Opportunity for Malaysia !!
पूर्णतया शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator ! Free Food, Free Accommodation, and Free Transportation during recruitment process (after selection). The Employer will bear the entire costs related to the recruitment for candidates that are selected for hiring.
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित भर्ती प्रक्रियामा (छनौट पश्चात) निशुल्क आवास, निशुल्क खाना तथा यातायात१ रोजगारदाताले छनौटमा परेका आवेदकहरुको भर्ती सम्बन्धि सम्पूर्ण खर्चहरु ब्यहोर्नेछ ।

Employer Company : DHL SUPPLY CHAIN SDN. BHD.
रोजगारदाता कम्पनी : डीएचएल सप्लाई चेन एसडीएन. बीएचडी.
रोजगारदाता कम्पनीको ठेगाना/काम गर्ने स्थान | Shah Alam, Selangor, Malaysia। शाह आलम, सेलाङ्गोर, मलेसिया

पूर्व स्वीकृत मिति: २०८३/०२/१२	चलानी नं: ६०२५६०००	एल टि नं : ३४२७६६	पुन विज्ञापन
Pre Approval Date: 2026/05/26	Invoice No .: 60256000	LT No .: 342766	Re Advertisement

सि.नं S.N.	कामदारको पद Worker's Position	माग संख्या Required No's पुरुष Male	महिला Female	न्यूनतम योग्यता Minimum Qualification	मासिक तलब Monthly Salary रिङ्गिट MYR	ने.रु. NPR	ओभरटाइम सुविधा OT Facility	प्रतिदिन काम गर्नेघण्टा Working Hours Per Day	हप्तामा काम गर्ने दिन Working Day Per Week	वार्षिक बिदा Annual Leave	खाना सुविधा Food Facility	बस्ने सुविध Accomodation Facility	करार अवधि Contract Period
1	सामान्य कामदार/ पी.ओ General Worker /P.O.	९८ 98	० 0	आधारभूत अंग्रेजी पढ्न, लेख्न र बोल्न सक्ने/आधारभूत गणितीय सीप/कम्प्युटर ज्ञान भएकोलाई थप फाइदा हुनेछ Proficient in reading, writing and speaking basic English/basic mathematical skills/computer knowledge will be an added advantage	१७०० 1700	६३,४१० 63410	कम्पनीको नियम अनुसार As per the company rules	७.५ घण्टा 7 .5 Hours	६ दिन 6 Days	कम्पनीको नियम अनुसार As per the company rule	छैन No	छ Yes	दुई वर्ष 2 Years

स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country	स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical)	बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom	कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket	भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost	भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it	कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund	सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost	सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge
रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ :ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/-	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	ने.रु.७०० रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer	ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer	रोजगारदाताले ब्यहोर्ने By the Employer

Applicants are requested to scan the QR code here to register their application online and submit the preliminary assessment accordingly. Online registration will be open till 24th,Aug 2026.
आवेदकहरूलाई आफ्नो आवेदन अनलाइन दर्ता गर्न यहाँ दिइएको QR कोड स्क्यान गर्न र तदनुसार प्रारम्भिक मूल्याङ्कन पेश गर्न अनुरोध गरिएको छ। अनलाइन दर्ता २०८३ साल भदौ ८ गते सम्म खुला रहनेछ।
Only shortlisted candidates will be contacted for the pre-selection process.
पूर्व-छनौट प्रक्रियाको लागि छोटो सूचीमा परेका उम्मेदवारहरूलाई मात्र सम्पर्क गरिनेछ।

Interview Schedule Details (अन्तर्वार्ताको समय तालिका)

1 . Preselection Session (प्रिअन्तर्वार्ता)
The preselection session at IMR office is continuously going on.
IMR कार्यालयमा प्रि-सेलेक्सन (पूर्व छनोट) प्रक्रिया निरन्तर सञ्चालन भइरहेको छ।

2 . Final Interview (फाइनल अन्तर्वार्ता)
Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 25th & 26thAugust 2026.
फाइनल अन्तर्वार्ता आइएमआर अफिस, ग्वार्को, ललितपुरमा मिति २०८३ भदौ ९ र १० गते हुनेछ।

Note: Attendance at the preselection is mandatory; only preselected applicants will be considered for the final interview. (पूर्व-छनोटमा उपस्थित हुनु अनिवार्य छ; केवल पूर्व-छनोट भएका आवेदकहरूलाई मात्र अन्तिम अन्तर्वार्ताको लागि विचार गरिनेछ।)

Recruitment Process(भर्ना प्रक्रिया)

Step 1: All applicants must complete their application by scanning the QR code (available in this ad, on our website, and Facebook) within the mentioned timeframe.
सबै इच्छुक आवेदकहरूले यस विज्ञापन, हाम्रो वेबसाइट र फेसबुकमा उपलब्ध QR कोड स्क्यान गरेर तोकिएकोअवधि भित्र आफ्नो आवेदन पूरा गर्न अनुरोध गरिन्छ।
Step 2 : Applicants who complete the QR form and meet the employer's eligibility criteria will be notified to attend the pre-selection.
QR फारम भरेर रोजगारदाताको योग्यताको मापदण्ड पूरा गर्ने आवेदकहरूलाई प्रि-सेलेक्शनमा सहभागी हुन सूचित गरिनेछ।
Step 3: Pre-selected candidates will receive a coupon to attend the employer's final interview.
पूर्व-छनोट भएका उम्मेदवारहरूलाई नियोक्ताद्वारा सञ्चालन हुने अन्तिम अन्तर्वार्तामा सहभागी हुन कुपन प्रदान गरिनेछ।
NOTE : Applicants who do not meet the employer's requirements will be informed about other opportunities. Their data will be handled confidentially and in accordance with IMR's Personal Data Protection Act policy.
(नोट : नियोक्ताको आवश्यक मापदण्ड पूरा नगर्ने आवेदकहरूलाई अन्य अवसरहरूको जानकारी दिइनेछ । उनीहरूको विवरण गोपनीय रूपमा राखिनेछ र IMR को व्यक्तिगत डेटा संरक्षण ऐन (Personal Data Protection Act) नीतिअनुसार जिम्मेवारीपूर्वक व्यवस्थापन गरिनेछ ।)

अस्वीकरण/Disclaimer

इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। हाम्रो पूर्व सहमति बिना कुनै पनि व्यक्ति वा संस्थाले व्यक्तिगत सम्पर्क विवरण सहित कुनै पनि निहित र आर्थिक लाभको लागि सामाजिक सञ्जालमा यो सामग्री प्रकाशन वा साझेदारी गर्न सख्त निषेध गरिएको छ। यस्ता गतिविधिमा संलग्न भएको पाइएमा कानुनी कारबाहीको अधीनमा रहनेछ।
International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. The publication or sharing of this content on social media by any individual or organization for any vested and monetary gains along with personal contact details and without our prior consent, is strictly prohibited. Any person found engaging in such activities will be subject to legal action.

Employment Terms and Condition/ रोजगार नियम र सर्तहरु

1. Nature of Job:Goods Transport Worker and Warehouse
कामको प्रकृति : सामान ढुवानी कामदार र गोदाम
2. Overtime work is not guaranteed and is performed on a voluntary basis, subject to operational requirements. Overtime payment calculated as:
ओभरटाइम कामको ग्यारेन्टी छैन र यो सञ्चालन आवश्यकताहरूको अधीनमा हुन्छ, र यो स्वैच्छिक हुन्छ । ओभरटाइम भुक्तानी निम्न रूपमा गणना गरिन्छ:

Day दिन	Within normal working hour सामान्य कार्य समयभित्र	Overtime ओभरटाइम
Work Day कार्यदिन	Not applicable लागू हुँदैन	1.5 x hourly rate x no. of overtime hours performed १.५ गुणा प्रति घण्टा दर × गरिएको ओभरटाइम घण्टाको संख्या
Rest Day विश्राम दिन	0.5 x ORP if work not more than half day ०.५ x ORP यदि काम आधा दिनभन्दा बढी छैन भने 1.0 x ORP if work more than half day but not more than one day १.० x ORP यदि काम आधा दिनभन्दा बढी तर एक दिनभन्दा बढी छैन भने	2.0 x hourly rate x no. of overtime hours performed in excess of one day २.० x यदि काम एक दिनभन्दा बढी छैन भने
Public Holiday सार्वजनिक बिदा	2.0 x ORP if work not more than one day २.० x गुणा प्रति घण्टा दर × एक दिनभन्दा बढी गरिएको ओभरटाइम घण्टाको संख्या	3.0 x hourly rate x no. of overtime hours performed in excess of one day 3.0 गुणा प्रति घण्टा दर × एक दिनभन्दा बढी गरिएको ओभरटाइम घण्टाको संख्या

3. Rest Day:One day in a week in accordance to labor law in Malaysia.
विश्राम दिन : मलेसियाको श्रम कानून अनुसार हप्तामा एक दिन।
4. Public Holiday: Paid Holiday for at least 11 public holidays in any one year of service in accordance to labor law in Malaysia.
सार्वजनिक बिदा: मलेसियाको श्रम कानून बमोजिम सेवाको कुनै एक वर्षमा कम्तिमा ११ सार्वजनिक बिदाको लागि भुक्तान गरिएको बिदा।
5. Annual Leave:8 days for first two years of service.
वार्षिक बिदा: सेवाको पहिलो दुई वर्षको लागि ८ दिन।
6. Sick Leave (बिरामी बिदा)
i)Without Hospitalization:14 days sick leave for each year of service for less than 2 years.(अस्पतालमा भर्ना बिना : २ वर्ष भन्दा कम सेवाको प्रत्येक वर्षको लागि १४ दिन बिरामी बिदा।
ii) In case of Hospitalization:60 days hospitalization leave in each calender year. (अस्पताल भर्ना भएको अवस्थामा: प्रत्येक पात्रो वर्षमा ६० दिन अस्पताल भर्ना बिदा।
7. Medical and Accident Insurance: In accordance with the laws of Malaysia, the Employee shall be covered under the Foreign Workers Hospitalization and Surgical Scheme (FWHS). The applicable premium (currently RM120.00 per annum) shall be fully borne by the Employer. .
चिकित्सा तथा दुर्घटना बीमा: मलेसियाको कानून अनुसार, कर्मचारीलाई विदेशी कामदार अस्पताल भर्ना तथा शल्यक्रिया योजना (FWHS) अन्तर्गत समेटिनेछ। लागू हुने प्रिमियम (हाल वार्षिक RM १२०.००) रोजगारदाताले पूर्ण रूपमा वहन गर्नेछ।
8. Right to freedom of association and collective bargaining will be respected.
संघको अधिकार र सामूहिक बार्गेनिङलाई सम्मान गरिनेछ।
9. Right to freedom of Religion.
धर्मको स्वतन्त्रताको अधिकार।
10. Right to Freedom of Movement and allowed to repatriate without any Deposits.
आवतजावतको स्वतन्त्रताको अधिकार र कुनै पनि निक्षेप बिना स्वदेश फिर्ता गर्न अनुमति।
11. The flight ticket and all the inbound and out bound cost in the case of repatriation of the Employee, the Employer shall bear the cost of repatriation.
स्वदेश फिर्ताको सन्दर्भमा हवाइ टिकट तथा गन्तव्य मुलुकमा र स्वदेशमा लाग्ने सम्पूर्ण खर्चहरु रोजगारदाताले ब्यहोर्ने छ।
12. No Mandatory saving programmes from the employer or agency. (रोजगारदाताबाट अनिवार्य बचत कार्यक्रमहरू छैनन्।)
13. The cost of all applicable statutory contributions, including EPF, SOCSO, and income tax, shall be deducted from the Employee's salary in accordance with the prevailing laws and regulations.
(EPF, SOCSO, र आयकर सहित सबै लागू हुने वैधानिक योगदानहरू प्रचलित कानून र नियमहरू अनुसार कर्मचारीको तलबबाट कटौती गरिनेछ।)

Note: (नोटः)
1 . This is an absolutely zero-cost recruitment . Thus, the applicants are invited to apply directly without using any mediators . Applicants or their family members are not required to pay any form of fees for this recruitment including any form of gift, bonds or loans .
यो पूर्णतया शून्य लागत अन्तर्गतको रोजगारी हो। यसकारण, आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ। आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
2 . Mandatory attendance at pre-screening orientation and preselection is required for all aspiring applicants, with only those preselected being considered for the final interview .
सबै इच्छुक आवेदकहरु पूर्व छनौट अभिमुखिकरण र पूर्वचयन प्रक्रियामामा अनिवार्य उपस्थित हुन अनुरोध गरिन्छ। पूर्वचयनित उम्मेदवारहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन्।
3. This recruitment will be conducted adhering to freely chosen employment policy without any form of biasness or discrimination .
यो भर्ती कुनैपनि प्रकारको पूर्वाग्रह वा भेदभावविना स्वतन्त्ररुपमा रोजेको रोजगार नीतिको पालना गरि सञ्चालन गरिनेछ।
4 . For age verification during the pre-screening process, all applicants are kindly requested to bring at least two government issued original identity document . For example: citizenship card, existing passport, national identity card, voter's card, driving license, etc .
पूर्वचयन प्रक्रियामा उमेर प्रमाणीकरणको लागि सबै आवेदकहरुलाई कम्तिमा दुईवटा नेपाल सरकारले जारी गरेको परिचय खुल्ने सक्कल कागजात ल्याउन अनुरोध गरिन्छ। जस्तैः नागरिकता, राहदानी (यदि छ भने), राष्ट्रिय परिचय पत्र, मतदाता परिचय पत्र, चालक अनुमति पत्र, इत्यादि।

Speak Up Safely & Confidentially (सुरक्षित र गोप्य रूपमा बोल्नुहोस्)

IMR आइ.एम.आर.

IMR upholds ethical, fair, and transparent recruitment practices and encourages you to report any grievances. You may report fraud, illegal activities, or corruption through the designated channels without fear of reprisal or intimidation. The confidentiality of the complainant/whistleblower will be strictly maintained.
IMR ले नैतिक, निष्पक्ष र पारदर्शी भर्ती अभ्यासहरूलाई समर्थन गर्दछ र तपाईंलाई कुनै पनि गुनासो रिपोर्ट गर्न प्रोत्साहित गर्दछ। तपाईंले प्रतिशोध वा धम्की बिना तोकिएको माध्यमहरू मार्फत धोखाधडी, गैरकानूनी गतिविधि वा भ्रष्टाचारको रिपोर्ट गर्न सक्नुहुन्छ। उजुरीकर्ता/ह्विसलब्लोअरको गोपनीयता कडाइका साथ कायम राखिनेछ।
Hotline Number (हटलाइन नम्बर): +9779801137769
Email Address: grievance@imrsolution.com

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1 .Confirm that visa is issued under your name 2 .Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3 .Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4 .Before going abroad orientation or induction training should be attended compulsorily 5 . Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6 .While going abroad use International Airport of Nepal or else you might be deceived 7 .If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tachal .

License No . 309/059/060
International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel .: 01-5204346, 5204347, 5204348,
Mobile No.: +977 9801031546 (9am-5pm)

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

अजित मिजारलाई न्याय देऊ

अन्तरजातीय विवाहपछि रहस्यमय मृत्यु भएका काभ्रे-पाँचखालका अजित मिजारको शव त्रिवि शिक्षण अस्पतालमा राखिएको १० वर्ष भइसकेको छ । अजितको परिवारले छोराको मृत्युको सत्यतथ्य सार्वजनिक हुनुपर्ने माग गर्दै एक दशकदेखि न्यायको ढोका ढकढक्याइरहेको छ । तर, उनीहरूले चित्तबुझ्दो जवाफ पाइरहेका छैनन् । यसले परिवारलाई त पीडा दिएकै छ, साथसाथै, राज्यको न्याय प्रणालीप्रति नै अविश्वास पैदा गरेको छ ।

अजित र कल्पना पराजुलीले २०७३ असार २५ गते अन्तरजातीय प्रेम विवाह गरेका थिए । त्यसको पाँच दिनपछि अजित धादिङमा मृत भेटिए । परिवारलाई जानकारी नदिई शव गाडिएको परिवारको दाबी छ । पछि शव निकालेर त्रिवि शिक्षण अस्पताल ल्याइयो । पोस्टमार्टमका क्रममा शरीरमा देखिएका भनिएका चोटपटकबारे पनि फरक-फरक विवरण सार्वजनिक भए । प्रहरीले उनको मृत्यु आत्महत्या भएको बतायो । तर, परिवारले भने विवाहपछि आएको धम्की, घटनाको परिस्थितिलगायत विषयमा पर्याप्त अनुसन्धान नभएको भन्दै त्यसलाई स्वीकार गरेको छैन । यसको चित्तबुझ्दो अनुसन्धान नभएसम्म अन्त्येष्टि नगर्ने परिवारले अडान लिएको छ । सोहीकारण १० वर्षदेखि शव अस्पतालमै छ । त्यसैले परिवारले पुनः फरेन्सिक परीक्षणको माग गर्नु स्वाभाविक छ । सरकार निष्पक्ष भई सत्य पत्ता लगाउन चाहन्छ भने अजितको परिवारको मागलाई सम्बोधन गर्नुपर्छ । यसलाई सो घटनाको दोहोऱ्याएर अनुसन्धान गर्ने अवसरका रूपमा लिनुपर्छ ।

यसबीच मुद्दा जिल्ला र उच्च अदालत हुँदै सर्वोच्च अदालत पुगेको छ । अदालतले आफ्नो प्रक्रियाबाट निर्णय गर्ला । तर, न्यायिक प्रक्रिया चलिरहेकै अवस्थामा पनि अनुसन्धानका बाँकी प्रश्नको जवाफ खोज्नु राज्यको दायित्व हो । कुनै व्यक्ति दोषी हो वा होइन भन्ने अन्तिम निष्कर्ष अदालतले गर्ने हो । तर, निष्पक्ष अनुसन्धानको अधिकार पीडित परिवारको हो ।

अजितको घटना जातीय विभेदसँग मात्र जोडिएको छैन । यो राज्यका निकायले कमजोर र पहुँचविहीन नागरिकको आवाज कति गम्भीरतापूर्वक सुन्छन् भन्ने उदाहरण पनि हो । अन्तरजातीय विवाहलाई संविधान र कानुनले अधिकारका रूपमा स्वीकार गरेको अवस्थामा त्यही कारणबाट कसैले असुरक्षित महसुस गर्नुपर्ने अवस्था लोकतान्त्रिक समाजका लागि लाजमर्दो विषय हो । अहिले युवा नेतृत्वको सरकार छ । परिवर्तन र न्यायको सपना बाँडेर आएको सरकारसँग अजितका परिवारको अपेक्षा हुनु स्वाभाविक हो । सरकारले घटनासँग जोडिएका बाँकी प्रश्नको निष्पक्ष छानबिन, आवश्यक फरेन्सिक परीक्षण र कानुनी प्रक्रियालाई प्रभावकारी बनाउन पहल गर्नुपर्छ ।

होर्मुज, विश्व अर्थतन्त्र र नेपाल

होर्मुज जलडमरुमध्यमा चुलिएको भूराजनीतिक तनावले विश्वव्यापी ऊर्जासंकट, उच्च मुद्रास्फीति र आर्थिक मन्दीको जोखिम बढाएको छ । तेल आयातमा पूर्ण निर्भर र वैदेशिक रोजगारीका लागि खाडी क्षेत्रमा आश्रित नेपालमा यसको दोहोरो प्रतिकूल प्रभाव पर्नेछ । यसबाट बच्न नेपालले इन्धनको रणनीतिक भण्डारण, कूटनीतिक पूर्वतयारी तथा जलविद्युत् र विद्युतीय यातायातको तीव्र विस्तारमार्फत राष्ट्रिय ऊर्जासुरक्षा मजबुत बनाउन अत्यावश्यक छ ।

अग्रलेख

● श्यामप्रसाद मैनाली

विश्व अर्थतन्त्र यतिबेला केवल व्यापार, प्रविधि र वित्तीय बजारको उतारचढावबाट मात्र प्रभावित छैन, भूराजनीतिक द्वन्द्वले पनि यसको दिशा निर्धारण गर्न थालेको छ । मध्यपूर्वमा इरान, इजरायल र अमेरिकाबीच लामो समयदेखि चुलिँदै आएको तनाव अहिले रणनीतिक तथा आर्थिक संकटको गम्भीर चरणमा पुगेको छ । विशेषत: होर्मुज जलडमरुमध्य समुद्रीमार्गमा जहाज आवागमनमा आएको अवरोधले क्षेत्रीय द्वन्द्वलाई विश्वव्यापी ऊर्जासंकटको स्वरूप दिएको छ ।

होर्मुज जलडमरुमध्य विश्वको सबैभन्दा महत्त्वपूर्ण ऊर्जामार्गमध्ये एक हो । यसबाट विश्वको तेल तथा समुद्रमार्फत ढुवानी हुने ग्यासको ठुलो हिस्सा आयात-निर्यात हुन्छ । त्यसैले यहाँको द्वन्द्व केवल इरान, अमेरिका वा इजरायलको सुरक्षा समस्यामा सीमित रहँदैन । यसको प्रत्यक्ष प्रभाव पेट्रोलियम मूल्य, ढुवानी लागत, खाद्यान्न, मल, उत्पादन लागत, मुद्रास्फीति, ब्याजदर, लगानी र अन्ततः विश्व आर्थिक वृद्धिमा स्वत: पर्दछ ।

अगस्ट २०२६को पछिल्लो अवस्थाले संकट अझ गम्भीर बनाएको छ । होर्मुजमा जहाज आवागमन ठप्पप्राय: हुने अवस्थामा पुगेको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सन् २०२६मा विश्व तेल आपूर्ति दैनिक करिब ४.३ मिलियन ब्यारेल (करिब ४ प्रतिशत)ले घट्ने अनुमान गरेको छ । यस परिस्थितिको सबैभन्दा ठुलो प्रश्न हो- यो द्वन्द्व किन यति गहिरियो र यसको आर्थिक मूल्य कसले तिर्नुपर्छ ? अझ महत्त्वपूर्ण प्रश्न, नेपालजस्तो ऊर्जा आयातमा निर्भर र ठुलो संख्यामा नागरिक वैदेशिक रोजगारीमा निर्भर रहेको मुलुकले यस संकटबाट आफूलाई कसरी जोगाउने भन्ने नै हो ।

होर्मुज किन महत्वपूर्ण छ ?

इरान र ओमानबीच रहेको होर्मुज जलडमरुमध्य फारसको खाडीलाई ओमानको खाडी तथा अरब सागरसँग जोड्ने अत्यन्त साँघुरो समुद्रीमार्ग हो । खाडीका प्रमुख तेल उत्पादक देशहरू साउदी अरब, इराक, कुवेत, संयुक्त अरब इमिरेट्स र कतारका लागि यो विश्व बजारमा ऊर्जा पुऱ्याउने प्रमुख मार्ग हो ।

विश्वका धेरै ठुला ऊर्जा उत्पादक देशहरू उत्पादनमा धनी भए पनि विश्व बजारसम्म पुग्न यही समुद्रीमार्गमा निर्भर छन् । त्यसैले होर्मुजमा अवरोध उत्पन्न हुनु भनेको एउटा देशको बन्दरगाह बन्द हुनु मात्र होइन, विश्व ऊर्जा आपूर्ति शृंखलाको मुटुमै ठुलो दबाब पर्नु हो । यस मार्गमा संकट उत्पन्न भएपछि जहाजहरू वैकल्पिक मार्ग खोज्न बाध्य हुन्छन्, परिणामस्वरूप ढुवानी समय बढ्छ, विमाशुल्क बढ्छ र अन्ततः उपभोक्ताले बढी मूल्य तिर्नुपर्छ । अहिलेको संकटले ऊर्जा बजारसँगै मल, औद्योगिक कच्चापदार्थ र विश्वव्यापी आपूर्ति शृंखलामाथि समेत गम्भीर दबाब सिर्जना गरेको छ ।

अमेरिका-इरान तिक्तता र क्षेत्रीय वैमनस्य

आजको संकट बुझ्न अमेरिका र इरानबीचको सम्बन्धको ऐतिहासिक पृष्ठभूमि बुझ्न आवश्यक छ । सन् १९७९को इरानी इस्लामिक क्रान्तिपछि अमेरिका र इरानबीचको सम्बन्ध शत्रुतापूर्ण बन्दै गयो । अमेरिकी दूतावास बन्धक प्रकरण, इरानमाथिका अमेरिकी प्रतिबन्ध, क्षेत्रीय शक्ति सन्तुलन र इरानको आणविक कार्यक्रमले दुई देशबीचको अविश्वासलाई गहिराउँदै लग्यो ।

सन् २०१५मा अमेरिकालगायत विश्व शक्तिहरू र इरानबीच भएको आणविक सम्झौता (जेसिपिओए)ले केही समय तनाव कम गर्ने आधार बनाएको थियो । तर, सन् २०१८मा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासन उक्त सम्झौताबाट बाहिरिएपछि इरानमाथि पुन: कडा आर्थिक प्रतिबन्ध लगाइयो । त्यसपछि इरानले पनि सम्झौताले तोकेको सीमाभन्दा बाहिर गएर आणविक गतिविधि बढाउन थालेको आरोप लाग्यो । यसरी आर्थिक प्रतिबन्ध र आणविक विवादले एक-अर्कालाई थप उग्र बनाउँदै लगेका छन् ।

यसका साथै इजरायल र इरानबीचको वैमनस्य पनि यस संकटको अर्को प्रमुख आधार हो । इरानले प्यालेस्टिनी तथा लेबनानी सशस्त्र समूहहरूलाई सहयोग गर्ने गरेको आरोप इजरायलले लगाउँदै आएको छ । अर्कोतर्फ इरानले इजरायललाई मध्यपूर्वमा अमेरिकी प्रभावको प्रमुख आधार मान्छ । इजरायलका लागि इरानको आणविक क्षमता सबैभन्दा संवेदनशील सुरक्षा प्रश्न हो । इरानले आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण उद्देश्यका लागि भएको बताउँदै आए पनि इजरायलले त्यसलाई आफ्नो अस्तित्वका लागि दीर्घकालीन खतरा मान्छ । परिणामस्वरूप, यो द्वन्द्व केवल दुई देशबीचको सैन्य संघर्ष नभई क्षेत्रीय शक्ति संघर्ष र विश्वव्यापी भूराजनीतिक प्रतिस्पर्धामा रूपान्तरण भएको छ ।

होर्मुज संकट र विश्व अर्थतन्त्र

यस संकटको पहिलो र प्रत्यक्ष असर तेल बजारमा परेको छ । युद्धको सम्भावना बढ्नासाथ बजारमा भविष्यको आपूर्तिको डर उत्पन्न हुन्छ र व्यापारीहरूले वास्तविक आपूर्ति घट्नुअघि नै जोखिमको मूल्य जोड्छन् । अगस्ट २०२६मा होर्मुजको अवस्था बिग्रिएपछि तेलको मूल्य करिब ९० अमेरिकी डलर प्रतिब्यारेल आसपास पुगेको छ ।

तर, यसको प्रभाव इन्धनमा मात्र सीमित रहँदैन । तेल महँगो भएपछि यातायात, निर्माण, कृषि, मल तथा रासायनिक पदार्थ, खाद्यान्न र ढुवानी खर्च बढ्छ । अर्थात् तेलको मूल्य बढ्नु भनेको अर्थतन्त्रका हजारौं वस्तु र सेवाको मूल्यमा अप्रत्यक्ष कर थपिनुजस्तै हो । अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि मध्यपूर्वको लामो द्वन्द्वले ऊर्जा महँगो बनाउँदै आर्थिक वृद्धिलाई कमजोर र मुद्रास्फीतिलाई उच्च बनाउन सक्ने चेतावनी दिएको छ ।

विश्व अर्थतन्त्रका लागि अहिले सबैभन्दा ठुलो खतरा 'स्ट्यागफ्लेसन' (आर्थिक वृद्धि कमजोर तर मूल्यवृद्धि उच्च रहने अवस्था) हो । युद्धका कारण आपूर्ति घटेमा उत्पादन घट्छ तर लागत बढ्छ । यसले केन्द्रीय बैंकहरूलाई कठिन धर्मसंकटमा पार्छ । मुद्रास्फीति नियन्त्रण गर्न ब्याजदर उच्च राख्दा लगानी र उपभोग घटेर आर्थिक वृद्धि थप कमजोर बन्छ । यसबाहेक, जोखिमयुक्त यात्राका कारण समुद्री व्यापारमा अनिश्चितता, सेयर बजारमा अस्थिरता र कमजोर अर्थतन्त्र भएका मुलुकको विदेशी मुद्रा सञ्चितिमाथि ठुलो दबाब पर्छ ।

नेपालमाथि पर्ने प्रत्यक्ष प्रभाव

नेपाल आफैं ठुलो मात्रामा पेट्रोलियम पदार्थ आयात गर्ने मुलुक भएकाले अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढ्दा त्यसको असर तत्काल देखिन्छ । पहिलो, पेट्रोल र डिजेल महँगिएपछि सार्वजनिक यातायात, मालवाहक यातायात, निर्माण र दैनिक उपभोग्य वस्तुको लागत बढेर आयातित मुद्रास्फीतिको बोझ सोझै नेपाली उपभोक्तामाथि आउँछ । दोस्रो, नेपालको ठुलो श्रमशक्ति खाडी मुलुकहरूमा कार्यरत रहेकाले द्वन्द्व लम्बिएमा नयाँ श्रमिक जाने क्रम रोकिन सक्छ, रोजगारी गुम्न सक्छ वा सुरक्षाका कारण श्रमिक स्वदेश फर्कन बाध्य हुन सक्छन् । यसबाट विप्रेषण घटेमा नेपालको विदेशी मुद्रा सञ्चितिमा तीव्र दबाब पर्छ । तेस्रो, मध्यपूर्वका विमानस्थल र हवाईमार्गमा अवरोध हुँदा युरोप र अमेरिकाबाट नेपाल आउने पर्यटकको यात्रा प्रभावित भई पर्यटन क्षेत्रमा समेत क्षति पुग्छ ।

नेपालका लागि यो संकटको सबैभन्दा गम्भीर पक्ष भनेको एउटै समयमा आयात महँगो हुने र विदेशी मुद्रा आम्दानी घट्ने 'दोहोरो दबाब' हो । एसियाली विकास बैंकले पनि मध्यपूर्वको द्वन्द्वले नेपालको चालु खाता, वैदेशिक रोजगारी, विप्रेषण र तेल आयातमा जोखिम बढाउने उल्लेख गरेको छ । तसर्थ नेपालले यसलाई केवल पेट्रोलियम मूल्यको दृष्टिले नहेरी समग्र आर्थिक जोखिमका रूपमा लिनुपर्छ ।

नेपालले अब के गर्ने ?

यो द्वन्द्व लामो समय जान सक्ने सम्भावना रहेकाले नेपालले विभिन्न रणनीतिक कदमहरू चाल्नुपर्छ । नेपालले तत्कालका लागि पर्याप्त पेट्रोलियम तथा अत्यावश्यक वस्तुको रणनीतिक भण्डारण सुनिश्चित गर्नुपर्छ । पेट्रोलियम मूल्यमा अस्वाभाविक उतारचढाव हुँदा उपभोक्तामाथि एकैपटक ठुलो भार नपर्ने गरी मूल्य समायोजन प्रणालीलाई पारदर्शी र वैज्ञानिक बनाउन आवश्यक छ ।

साथै, खाडी क्षेत्रमा रहेका नेपाली श्रमिकको सुरक्षालाई उच्च प्राथमिकता दिँदै संकटकालीन पूर्वतयारी गर्नुपर्छ । विप्रेषणलाई उपभोगमा मात्र खर्च नगरी ऊर्जा, उद्योग, कृषि, पर्यटन र पूर्वाधारमा लगानी गर्ने वातावरण बनाउनुपर्छ । त्यसैगरी, जलविद्युत् र विद्युतीय यातायातलाई वातावरणीय कार्यक्रम मात्र नभई राष्ट्रिय ऊर्जा सुरक्षा र आर्थिक सार्वभौमसत्ताको रणनीतिका रूपमा तीव्र गतिमा विस्तार गर्नुपर्छ ।

होर्मुज संकटले भूराजनीतिक द्वन्द्वको मूल्य अन्ततः आमनागरिकले नै तिर्नुपर्छ भन्ने सत्य पुनः उजागर गरेको छ । होर्मुज संकट नेपालबाट हजारौं किलोमिटर टाढा भए पनि यसको कम्पन काठमाडौंको भान्सा, यातायात र नेपाली युवाको रोजगारीसम्म पुगिसकेको छ । त्यसैले नेपालको आर्थिक सुरक्षा अब केवल बजेट र मौद्रिक नीतिको विषय मात्र नरहेर ऊर्जा सुरक्षा, वैदेशिक नीति र राष्ट्रिय रणनीतिको विषय बनेको छ ।

हर्मुजलाई युद्धको रणभूमि होइन, विश्व अर्थतन्त्रको सुरक्षित जीवनरेखा बनाउनु अमेरिका, इरान र इजरायलका साथै अन्तर्राष्ट्रिय समुदायको साझा दायित्व हो । युद्धबाट कसैको स्थायी विजय हुँदैन, शान्तिबाट मात्र विश्व अर्थतन्त्र र नेपालजस्ता विकासोन्मुख मुलुकले सुरक्षित भविष्य पाउन सक्छन् ।

(लेखक नेपाल सरकारका पूर्वसचिव हुन् ।)

मदरसा : शिक्षाको एक आधारस्तम्भ

विचार

● खुर्शिद इस्लाही

नेपालका मदरसाहरू धार्मिक शिक्षामा मात्र सीमित नभई साक्षरता, सामाजिक समावेशीकरण र नैतिक चरित्र निर्माणका आधारस्तम्भ हुन् । स्रोतसाधनको कमी र स्पष्ट नीतिको अभाव झेलिरहेका यी संस्थालाई सरकारले व्यवस्थित, पारदर्शी र आधुनिक पाठ्यक्रममा आबद्ध गराई राष्ट्रिय शिक्षा प्रणालीको मूलधारमा ल्याउनु अत्यावश्यक छ ।

नेपालका मदरसाहरू देशको शैक्षिक, सामाजिक तथा नैतिक विकासका महत्त्वपूर्ण संस्थाहरू हुन् । यी केवल धार्मिक शिक्षा दिने केन्द्र मात्र नभई मुस्लिम समुदायको शैक्षिक पहुँच विस्तार, सामाजिक चेतना अभिवृद्धि, नैतिक चरित्र निर्माण र समुदाय विकासका सशक्त माध्यम हुन् । बहुधार्मिक, बहुभाषिक र बहुसांस्कृतिक नेपाली समाजमा मदरसाहरूले शिक्षा र सामाजिक समावेशीकरणमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् ।

मुस्लिम समुदायको बसोबास र इस्लामी शिक्षाको इतिहास एकापसमा अभिन्न रूपले जोडिएको छ । जहाँ मुस्लिम बस्ती विस्तार भयो, त्यहाँ मस्जिदसँगै बालबालिकालाई आधारभूत धार्मिक शिक्षा दिने परम्परा सुरु भयो । तत्कालीन पहाडी राज्यहरू तथा कान्तिपुरवरपर १५औं शताब्दीदेखि नै मुस्लिम समुदायको उपस्थिति पाइन्छ, जहाँ मस्जिदमै कुरान, इस्लामी आस्था र नैतिक शिक्षा दिने परम्परा थियो ।

त्यसैगरी, भारतको दक्षिणबाट उत्तरतर्फ इस्लामी सभ्यता विस्तार हुने क्रममा १२औं देखि १४औं शताब्दी आसपास नेपालको तराई क्षेत्रमा मस्जिद र मदरसाहरूको स्थापना भएको ऐतिहासिक तथ्यहरूले पुष्टि गर्छन् । राणा शासनकालमा विभिन्न धार्मिक शिक्षण संस्था प्रभावित भएझैं मदरसाहरूले पनि लामो ऐतिहासिक यात्रामा अनेकौं चुनौती र उतारचढाव पार गर्दै आजको अवस्थासम्म आइपुगेका हुन् ।

राष्ट्रिय शिक्षा प्रणाली र मदरसा

समयक्रममा नेपाल सरकारले ल्याएका शैक्षिक नीति र सुधारलाई मदरसाले सकारात्मक रूपमा आत्मसात् गर्दै आएका छन् । सरकारले मदरसालाई राष्ट्रिय शिक्षा प्रणालीको मूलधारमा ल्याउन दर्ता प्रक्रिया अघि बढाएपछि हाल देशभर एक हजारभन्दा बढी मदरसा अनुमति तथा नियमनमा सञ्चालन भइरहेका छन् । केही मदरसा अझै दर्ता प्रक्रियामा छन् भने नीतिको अस्पष्टताका कारण केही औपचारिक प्रणालीमा आउन सकेका छैनन् । त्यसैले राज्यले पारदर्शी र समावेशी नीति ल्याई सबै मदरसालाई व्यवस्थापन प्रणालीभित्र ल्याउनु आवश्यक छ । मदरसालाई व्यवस्थित गर्नु राज्य र समुदाय दुवैको साझा दाय दायित्व हो ।

पाठ्यक्रम विकास तथा रूपान्तरण

विगत दुई दशकदेखि सरकारले मदरसा शिक्षालाई राष्ट्रिय पाठ्यक्रम प्रणालीसँग जोड्ने प्रयास गर्दै आएको छ । पाठ्यक्रम विकास केन्द्रको समन्वयमा मुस्लिम शिक्षा विज्ञहरूको सहभागितामा कुरान, इस्लामी अध्ययन, अरबी र उर्दूका साथै नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक अध्ययनजस्ता आधुनिक विषय समेटिएको पाठ्यक्रम निर्माण गरिएको छ । यसको उद्देश्य विद्यार्थीलाई धार्मिक ज्ञानका साथै आधुनिक प्रतिस्पर्धात्मक शिक्षाको अवसर दिनु हो ।

तर, व्यवहारमा अझै धेरै मदरसा यो पाठ्यक्रम र पाठ्यपुस्तकबारे पूर्ण रूपमा जानकार छैनन् र कार्यान्वयनमा एकरूपता देखिँदैन । त्यसैले सरकारले नियमित अभिमुखीकरण, शिक्षक तालिम, अनुगमन र प्राविधिक सहयोगमार्फत मदरसा शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक छ ।

सामाजिक योगदान

मदरसाहरूले नेपाल सरकारका साक्षरता अभियान, शैक्षिक पहुँच र सामाजिक चेतना अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । विशेषगरी विपन्न, अनाथ तथा असहाय बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गरेर यिनले सामाजिक न्याय र समावेशी शिक्षामा योगदान दिएका छन् ।

यसका साथै, मदरसाले अशिक्षा, लागुऔषध दुर्व्यसन, हिंसा र सामाजिक विभेदविरुद्ध जनचेतना फैलाउँदै आएका छन् । स्वास्थ्य, सरसफाइ, विपद् व्यवस्थापन र सामाजिक सद्भावका कार्यक्रममा स्थानीय स्तरमा सहयोग पुऱ्याएका छन् । सीमावर्ती जिल्लामा सञ्चालित मदरसाले स्थानीय प्रशासन र सुरक्षा निकायसँग सहकार्य गर्दै कानुनको पालना, सामाजिक शान्ति र राष्ट्रिय एकतामा सकारात्मक भूमिका निर्वाह गरिरहेका छन् ।

आर्थिक अवस्था र चुनौती

केही समययता मदरसाहरूको आर्थिक स्रोतबारे निराधार प्रश्न उठाउने गरिएका छन्, जसले सामाजिक सद्भावमा असर पार्ने जोखिम रहन्छ । वास्तविकता के हो भने अधिकांश मदरसा मुस्लिम समुदायको जकात, सदकात, दान, व्यक्तिगत-सामूहिक सहयोगका साथै कानुनी प्रक्रियाबाट प्राप्त सरकारी तथा वैधानिक सहयोगबाट सञ्चालित छन् । यी स्रोत भवन निर्माण, शैक्षिक सामग्री, छात्रवृत्ति र शिक्षक पारिश्रमिकमा प्रयोग हुन्छन् ।

यद्यपि, धेरै मदरसाहरू अझै आर्थिक संकट झेलिरहेका छन् । शिक्षकहरू न्यून पारिश्रमिकमा सेवा दिन बाध्य छन् भने कतिपयमा नियमित तलब भुक्तानी नै चुनौतीपूर्ण छ । पर्याप्त फर्निचर, पुस्तकालय, प्रयोगशाला र सूचना प्रविधिको अभावका कारण आधुनिक शिक्षण विधि अपनाउन मदरसाहरूलाई कठिन भइरहेको छ । मदरसामा अध्यापन गराउने अधिकांश शिक्षक नेपाली नागरिक नै हुन् । यिनको क्षमता विकास र उचित व्यवस्थापनमा राज्यले ध्यान दिनुपर्छ ।

राज्यको भूमिका र नीतिगत आवश्यकता

नेपालको संविधानले प्रत्येक नागरिकलाई धार्मिक स्वतन्त्रता र मौलिक अधिकारको प्रत्याभूति गरेको छ । त्यसैले बिनाप्रमाण धार्मिक संस्थालाई बदनाम गर्नु संविधान र सामाजिक सद्भावविपरीत हुन्छ । मदरसाहरूलाई व्यवस्थित र गुणस्तरीय बनाउन सरकारले देहायका विषयमा ध्यान दिनुपर्छ :

- देशभरका मदरसाको तथ्यांक संकलन गरी व्यवस्थित अभिलेख तयार गर्ने ।
- दर्ता नभएका मदरसालाई सरल प्रक्रिया र केही समयको छुट दिएर राष्ट्रिय प्रणालीमा ल्याउने तथा मापदण्डअनुसार तहगत दर्ता गर्ने ।
- मदरसा शिक्षकहरूको क्षमता विकास र स्थायी व्यवस्थापनको नीति बनाउने ।
- आधुनिक, प्रविधिमैत्री र सीपमूलक शिक्षालाई प्रभावकारी बनाउँदै पाठ्यक्रम कार्यान्वयनको अनुगमन गर्ने ।
- छात्रवृत्ति, पाठ्यपुस्तक, परीक्षा र पूर्वाधार सहयोगलाई व्यवस्थित बनाउने ।
- राज्य र मुस्लिम समुदायबीच संस्थागत संवादको संयन्त्र विकास गर्ने ।

नेपालका मदरसाहरू राष्ट्रिय शिक्षा प्रणालीका साझेदार, सामाजिक विकासका माध्यम र समावेशी राष्ट्र निर्माणका आधारस्तम्भ हुन् । संविधानले परिकल्पना गरेको समानता, धार्मिक स्वतन्त्रता र सामाजिक न्यायको लक्ष्य हासिल गर्न मदरसालाई अझ व्यवस्थित र गुणस्तरीय बनाउनु आवश्यक छ । सरकारले स्पष्ट नीति र प्राविधिक सहयोगमार्फत मदरसालाई राष्ट्रिय शिक्षा प्रणालीको अभिन्न अंग बनाउन सके यसले शिक्षित, अनुशासित र जिम्मेवार नागरिक निर्माणमा सहयोग पुऱ्याउनेछ । मदरसाको सुदृढीकरण केवल एउटा समुदायको हित मात्र नभई समग्र नेपालको समावेशी शिक्षा, सामाजिक सद्भाव र राष्ट्रिय विकाससँग जोडिएको विषय हो ।

(लेखक अल हेरा एजुकेसनल सोसाइटीका अध्यक्ष हुन् ।)

इतिहासको पाना ● सुनिल उलक

ट्रली बसको पचास वर्ष

करिब ५० वर्षभन्दा अघि वि.सं. २०३२ पुस १४ गते राजा वीरेन्द्रको शुभजन्मोत्सवका अवसरमा काठमाडौं-भक्तपुर ट्रली बस सेवा उद्घाटन गरिएको थियो । चीन सरकारको रु. ४ करोड सहयोगमा त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्म १३ किमि दूरीमा २२ वटा (मोडल सांघाई एसके ५४१) देब्रे स्टेरिङ भएका ट्रली बस उपहारस्वरूप प्राप्त भएका थिए । ट्रली बस पुराना भएपछि २०५४ सालमा चीनले थप १० वटा (एसवाई-डी६०सी मोडल) बस सहयोग गऱ्यो ।

२०४६को राजनीतिक परिवर्तनपछि सुरु भएको दलगत राजनीति र कार्यकर्ता भर्नाका कारण यो सेवा धरासायी बन्यो । चालकको बेवास्ता, कन्डक्टरको रकम हिनामिना र मर्मतमा फर्जी बिल बुझाउने प्रवृत्तिले २०४६ पछि संस्था निरन्तर घाटामा गयो । अन्ततः सरकारले सञ्चालक संस्था 'नेपाल यातायात संस्थान'लाई २०५८ पुस १ गते खारेज गरेपछि ट्रली बस सेवा बन्द भयो ।

स्थानीय निकायहरूको सहकार्यमा १८ महिनापछि २०६० असोजमा यो सेवा पुनः सुचारु गरियो । तर, मासिक रु. २० लाखभन्दा बढी घाटा भएपछि भक्तपुर र मध्यपुर थिमि नगरपालिका पछि हटे । पछि काठमाडौं महानगरपालिकाले त्रिपुरेश्वर-बानेश्वर र पछि कोटेश्वरसम्म छोटो दूरीमा चलाए पनि निरन्तर घाटाका कारण २०६५ मंसिरबाट यो पूर्ण रूपमा बन्द भयो ।

छिमेकी भारतमा २०५५मा निर्माण सुरु भई २०५९ पुस १० गते ८ किमिबाट उद्घाटन भएको दिल्ली मेट्रो अहिले ३५२ किमि लामो ट्रयाक, २५७ स्टेसन र ३३६ रेलसहित दैनिक ४५ लाख यात्रुलाई सेवा दिँदै वार्षिक साढे तीन अर्ब नेपाली रुपैयाँबराबरको व्यापार गरिरहेको छ ।

यता, नेपालको ट्रली बस सेवाले २५ वर्षको रजत जयन्तीसमेत खुसीका साथ मनाउन पाएन र स्थापनाको ३३ वर्ष नपुग्दै सदाका लागि बन्द भयो । अहिले उपत्यकामा ट्रली बसको ठाउँ विद्युतीय बसले लिइसकेका छन् । अब उपत्यकाको ट्राफिक व्यवस्थापनका लागि तीनवटै सहरलाई जोड्ने गरी जमिनमाथि र भित्र मेट्रो रेल चलाउनु आवश्यक देखिन्छ ।

वीरगन्ज चिनी कारखाना पुनः सञ्चालन गर्ने तयारी

काठमाडौं/मस– वर्षौंदेखि बन्द अवस्थामा रहेको वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालनमा ल्याउने विषयमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले ठोस पहल अघि बढाएकी छिन् ।

मन्त्री यादवको पहलमा वीरगन्ज चिनी कारखाना लिमिटेडको वर्तमान अवस्था अध्ययन गरी पुनः सञ्चालनको सम्भाव्यता र आवश्यक कार्ययोजना तयार गर्न अध्ययन कार्यदल गठन गरिएको हो ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार खारेजीमा परेको वीरगन्ज चिनी कारखानाको अवस्था, विगतका निर्णय, कारखाना पुनः सञ्चालनका लागि यसअघि तयार भएका अध्ययन तथा प्रतिवेदन र अब चाल्नुपर्ने कदमबारे अध्ययन गर्न कार्यदल गठन गरिएको हो। मन्त्रालयले गठन गरेको कार्यदललाई आफ्नो अध्ययन पूरा गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्नुपर्ने जिम्मेवारी दिइएको छ । कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट सि.डि.ई. श्रीकान्त यादव र सदस्यमा मन्त्रालयका शाखा अधिकृत र उद्योग विभागका अधिकृत प्रतिनिधि रहेका छन् ।

कार्यदलले केवल कारखाना सञ्चालन गर्ने वा नगर्ने भन्ने विषयमा मात्र अध्ययन गर्ने छैन। वीरगञ्ज चिनी कारखानासम्बन्धी यसअघि भएका निर्णय तथा गठन भएका कार्यदलले पेश गरेका प्रतिवेदनका सुझाव र सिफारिसको अध्ययन गर्ने, कारखानाको (वित्तीय, आर्थिक, प्राविधिक तथा कानुनी अवस्था विश्लेषण गर्ने र कारखानामा रहेका समस्याको पहिचान गर्ने) जिम्मेवारीसमेत कार्यदललाई दिइएको छ ।

त्यस्तै, कारखाना परिसरमा रहेका भवन, कारखाना संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्था र तिनको उपयोग गर्न सकिने अवस्था अध्ययन गरिनेछ । पुराना संरचना तथा मेसिनरीलाई प्रयोग गरेर कारखाना पुनः सञ्चालन गर्न सकिने वा नयाँ प्रविधि र संरचना आवश्यक पर्ने भन्ने विषयमा समेत कार्यदलले अध्ययन गर्नेछ । यससँगै वीरगञ्ज चिनी कारखानाको स्वामित्वमा रहेको जग्गालगायत सम्पत्तिको अवस्थासमेत अध्ययन गरिने भएको छ। सम्पत्तिसँग जोडिएका समस्या पहिचान गरी त्यसको समाधानका लागि आवश्यक कानुनी तथा व्यवस्थापकीय विकल्पसमेत तयार पार्ने जिम्मेवारी कार्यदललाई दिइएको छ ।

सर्लाहीका हजारौं नागरिक डुंगामा जोखिमपूर्ण यात्रा गर्न बाध्य



सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, १ भदौ

विकास र समृद्धिको ठुला आश्वासनसहित पटक-पटक शिलान्यास भएका करोडौं-करोडका ठुला आयोजनाहरू वर्षौंसम्म अलपत्र पर्दा रौतहट र सर्लाहीका हजारौं नागरिक वर्षायाममा ज्यान जोखिममा राखेर नदी पार गर्न बाध्य भएका छन्। रौतहटमा निर्माणाधीन टिकुलिया घाटको लालबकैया नदी पुल र सर्लाही-रौतहट जोड्ने दुर्गा भगवती गाउँपालिका ५ बडहर्वा तथा वडा नं. १ गंगापिपरा स्थित बागमती नदीका पुलहरू राज्यको गैरजिम्मेवारीपनाको ज्वलन्त उदाहरण बनेका हुन् ।

गौर नगरपालिका-४ स्थित टिकुलिया घाटमा लालबकैया नदीमाथि निर्माण सुरु भएको पुल १५ वर्ष बितिसक्दा पनि पूर्ण हुन सकेको छैन । २०७१ असार २९ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले शिलान्यास गरेको उक्त पुल १४ करोड ९३ लाख २७ हजार रुपैयाँमा पप्पु कन्स्ट्रक्सनले ठेक्का लिएको थियो । २०७५ असार २५ गतेभित्र निर्माण सम्पन्न हुनुपर्ने भए पनि समयमा काम नभएपछि आयोजना अलपत्र पर्‍यो । तीव्र जनगुणासोपछि २०८० असोज ९ गते बाँकी काम सक्न आजाद-दिपु जेभीसँग २७ करोड ६६ लाख रुपैयाँमा पुनः सम्झौता भई २०८१ चैत १ गतेभित्र सक्ने लक्ष्य राखिएको थियो। तर बजेट अभाव तथा बजेट स्रोत सुनिश्चितता नहुँदा निर्माण कार्य पुनः ठप्प बनेको छ ।

पुल नबन्दा गौर र इशनाथ नगरपालिकाका बासिन्दा दैनिक ज्यान जोखिममा राखेर डुङ्गाबाट नदी पार गर्न बाध्य छन्। २०७५ सालमा यही टिकुलिया घाटमा डुंगा दुर्घटना हुँदा पाँच जनाले ज्यान गुमाएको दुःखद घटना अझै स्थानीयको मानसपटलमा ताजा छ । अहिले बाहिरी व्यक्तिसँग नदी पार गराएबापत ३० रुपैयाँ लिने गरिएको भए पनि गौर र इशनाथका स्थानीयलाई यस वर्ष निःशुल्क डुंगा सेवा दिइएको छ ।

बाढीले पुर्‍याएको क्षति र सरकारी बेवास्ता

दुर्गा भगवती गाउँपालिका-१ गंगापिपरा र सर्लाही जोड्ने हुलाकी सडक अन्तर्गतको बागमती नदी पुलको हालत पनि भिन्न छैन । २०७३ असार २८ गते रु. ८६ करोड ३७ लाख ९ हजारमा टुण्डी-रसुवा-पप्पु जेभीसँग ठेक्का सम्झौता भएको यस आयोजनाको म्याद थपेर आगामी २०८३ कात्तिक १३ गतेसम्म पुर्‍याइएको छ। करिब ८० प्रतिशत काम भइसकेको अवस्थामा २०८१ असोजको विनाशकारी बाढीले पुलको एक स्पान बगाएर फाउन्डेसनमा क्षति पुर्‍याएपछि काम पूर्ण रूपमा रोकिइ अलपत्र परेको छ । माटो परीक्षण र डिजाइन पुनरावलोकनको नाममा विगत दुई वर्षदेखि काम रोकिँदा पनि राज्य पक्षबाट कुनै तदारुकता नदेखिएको स्थानीयको आरोप छ । दैनिक एक हजारभन्दा बढी नागरिक त्रासैत्रासमा नदी पार गर्न बाध्य छन् ।

बालुवामा ठडिएका करोडौंका पिलर

दुर्गा भगवती-५ बडहर्वा स्थित बागमती नदीमा २०६६ सालमा तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालले शिलान्यास गरेको पुलको कथा झनै निराशाजनक छ । पुलका स्पान तथा पिलरहरू बने पनि निर्माणले निरन्तरता नपाउँदा करोडौंको सरकारी लगानी बालुवामा पानी बगेझैं भएको छ।

पुल नबन्दा यस क्षेत्रको व्यापार-व्यवसाय, शिक्षा, स्वास्थ्य उपचार, रोजगारी तथा दैनिक आवतजावतमा प्रत्यक्ष प्रतिकूल असर परेको छ । विशेष गरी वृद्धवृद्धा, बालबालिका, विद्यार्थी र गर्भवती तथा सुत्केरी महिलाहरूका लागि नदीको यात्रा निकै कष्टकर बन्ने गरेको छ । तीनवटै पुल निर्माण सम्पन्न भएमा रौतहट सर्लाही, पर्सा र बारासहित मधेश प्रदेशका विभिन्न जिल्लाहरू सिधै जोडिनुका साथै मधेशको आर्थिक गतिविधिले गति लिने निश्चित छ।

सम्बन्धित मन्त्रालय र सडक विभागले तत्काल आवश्यक बजेट विनियोजन गरी निर्माण कार्य युद्धस्तरमा अघि नबढाए कडा आन्दोलनमा उत्रिने चेतावनी स्थानीयवासी, जनप्रतिनिधि तथा नागरिक समाजले दिएका छन् ।

कतार र युएईमा रोजगार

कम्पनी : QDS CLEANING AND HOSPITALITY — पूर्व स्वीकृत मितिः २०८२/०८/०२ — चलानी नं.: ६०२४७५२१ — LT. No.: 333854 — शहर : DOHA — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब QR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Gen. Clean Worker	0	2	सम्बन्धित काममा दक्ष	1000	४१८२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Dry Cleaner Worker	1	0		1000	४१८२०							
3.	Cleaners/public Building	2	3		1000	४१८२०							
4.	Supervisor	1	0		2500	१०४५५०							

कम्पनी : CARE CLEANING SERVICES — पूर्व स्वीकृत मितिः २०८२/०९/२८ — चलानी नं.: ६०२५०४७५ — LT. No.: 336880 — शहर : DUBAI — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	61	5	स. काममा दक्ष	1000	४१४९०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ ९ गते (25 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

MARVELOUS EMPLOYMENT NEPAL — Lic.No. 065/051/052 — AN ISO 9001-2008 Certified Company
मार्भलस इम्लोएमेन्ट नेपाल प्रा. लि.
काठमाडौं-३१, शान्तिनगर, काठमाडौं, फोन नं. ०१-४६२०९२९, ४६२११७६
E-mail : marvelousnepal98@gmail.com

साउदीमा रोजगार

कम्पनीः AL FURAT RIVER IRAQI SPECIAL RESTAURANTFOR SERVING MEALS — पूर्व स्वीकृत मितिः २०८३/०५/०१ — चलानी नं.: ६०२५९७१५ — शहरः SAUDI ARABIA — L.T. No.: 346632

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Food and Beverage Counter Worker	5	0	स. काममा दक्ष	1500	६०,८८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनीः NOURAH FALEH FAISAL AL- DOSSARI RESTAURANT FOR MEAL SERVICE — पूर्व स्वीकृत मितिः २०८३/०५/०१ — चलानी नं.: ६०२५९७१४ — शहरः RIYADH — L.T. No.: 346633

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब SR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	KITCHEN WORKER	5	0	स. काममा दक्ष	1500	६०,८८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ ९ गते (25 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने स्वादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

PERFECT DESTINATION PVT. LTD. — Govt. License No: 941/067/068
Kupondole -10, Lalitpur, Nepal Tel 01-5269014, 01-5268998 | Fax 01-5261021
Email: perfect.destination2011@gmail.com, info@perfectdestination.com.np

